# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कथा ज्यादै लोकप्रिय र अतिप्रचलित विधा हो । यसको उत्पति मानव सृष्टिकै साथ भएको अनुमान गरिन्छ र त्यसै बेलादेखि नै यसको स्वरूपमा परिवर्तनका साथ कथाको स्वरूपगत परिवर्तन अस्वाभाविक पनि होइन । श्रुति परम्परामा बाँचेको दन्त्यकथा कथनमा स्वाद लिने कथा कथक र ध्यानमग्न भई उसको कथा सुन्ने शिक्षित अशिक्षित श्रोताका बीचको तादात्म्यता नेपाली जीवनको विशिष्ट परम्परा हो । कथाको यही प्राचीनता र रोचकताले गर्दा यसलाई विद्यालय वा विश्व विद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको हो । कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पनाशक्ति र सिर्जनाशक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यत्तिकै सहज हुन्छ।

साहित्यका विभिन्न विद्याहरूमध्ये आख्यान विधाअन्तर्गत समेटिने एक विधा कथा विधा पनि हो । कथाको उत्पत्ति जन्म मानव सभ्यताको प्रारम्भसँगै मानिसले जीवनमा विविध घटना, पीडा, हाँसो, खुसी एक आपसमा मौखिक रूपमा प्रकट गर्दै जाने क्रममा कथाको सुरुवात भएको पाइन्छ । यस विधाले विद्यार्थीका लागि सिकाइलाई सरल र प्रभावकारी ढङ्गले कक्षा शिक्षण गर्न सकिन्छ ।

मान्छेको सिर्जनाको प्रारम्भिक प्रहरदेखि नै उसले आफ्ना निजी संवेदना, संवेग तथा अनुभूति, उत्कण्ठा र उमङ्गहरू आफ्ना वरिपरिका मान्छेलाई भन्दै सुनाउदै आख्यान अभिव्यक्तिलाई मजवुत बनाएको पाइन्छ । कथा मानिसको भाषिक अभिव्यक्तिको विकाससँगै मौलाउँदै झाङ्गिदै वर्तमानमा एक सशक्त विधाका रूपमा स्थापित भएको छ ।

कथा जिज्ञासामूलक र रुचिपूर्ण विषय हो जसमा पौराणिक, ऐतिहासिक, सामाजिक घटनाहरू मात्र नभई काल्पनिक र रुचिपूर्ण विषयहरू पनि समाविष्ट हुन्छन् । कथा भनेको गद्यमा लेखिएको एउटा सानो आख्यान हो, जसमा जीवन र जगत्का कुनै एक पक्षको चित्र हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा सत्यको विश्लेषण हुन्छ (थापा, २०६६ : १४६) ।

श्रुति परम्परामा बाँचेको दन्त्यकथा कथनमा स्वाद कथालाई ध्यानमग्न भई उसको कथा सुन्ने शिक्षित-अशिक्षित श्रोताका बीचको तादाम्यता जीवनको विशिष्ट परम्परा हो । त्यसबाहेक

पञ्चतन्त्र र हितोपदेशका कथाको पठन-पाठनले लामो समयदेखि हाम्रो समाजमा अविच्छिन्न रूपमा प्रभाव पार्दै आएको छ । सर्वसाधारणमा पौराणिक कथाको स्थान अद्यपि छँदैछ । फेरि लोककथाको परम्परा पनि परापूर्वककालदेखि नै प्रचलित रहेको पाइन्छ । कथाको यही प्राचीनता र रोचकताले गर्दा यसलाई विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको हो । यसको माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै विद्यार्थीहरूमा कल्पनाशक्ति र सृजनाशक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि सहज हुन्छ (शर्मा र पौडेल, २०६०:१९८) ।

यसरी यी परिभाषाहरूलाई नियाल्दा निष्कर्षमा युगजीवनको महत्त्वपूर्ण घटनालाई लिएर सजीव पात्रका माध्यमबाट प्रस्तुत गद्यमय कलात्मक अभिव्यक्ति नै कथा हो । जुन निश्चित संरचनामा आबद्ध प्रभाविन्तिपूर्ण कल्पनात्मक र संक्षिप्त, तर आफैँमा पूर्ण हुन्छ र यसमा स्थापित मूल्य मान्यताका साथै युगानुसारको मूल्य मान्यता प्रकट हुन्छ भनी कथाको परिभाषाको विट मार्न सकिन्छ ।

कथा साहित्यको गद्य विधा हो । कथामा व्यक्तिको मात्र नभएर सिङ्गो समाजको पनि चित्रण गरिएको छ । कथाले रोचकता मनोरञ्जना सँगसँगै सन्देश, ज्ञान, उपदेश प्रदान, गराउने भएकोले अन्य विधाको तुलनामा कथाले धेरै नै क्षेत्र ओगटेको पाउन सकिन्छ ।

## १.२ समस्या कथन

शिक्षण सिकाइ कार्यकलाप तथा विधिको प्रकृति विधागत आधारमा छुट्टाछुट्टै रूपमा गर्न सकिन्छ । प्रस्तुत शोधकार्यअन्तर्गत कक्षा १० मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूसँग सम्बन्धित देहायका समस्याहरूमा केन्द्रित रही अध्ययन गरिएको छ :

१) कक्षा शिक्षणमा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू कतिको उपयुक्त र उद्देश्यमुखी रहेका छन्?

२) कक्षा दशमा कथा शिक्षण गर्दा शिक्षकले कुन कुन विधिहरू प्रयोग गरेका छन् ?

३) कक्षा दशमा अध्ययनरत विद्यार्थीको लागि कथा शिक्षण कार्यकलापमा अपनाइएका शिक्षण विधिहरू समस्यामूलक छन् वा छैनन् ?

४) शिक्षण विधिमा सुधार ल्याउन के कस्ता उपायहरू सुझाउन सकिन्छ ?

## १.३ अध्ययनका उद्‌देश्यहरू

कक्षा दश को नेपाली कथा शिक्षण गर्दा निम्न उद्‌देश्य राखिएको छ :

१) कक्षा शिक्षणमा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू कतिको उपयुक्त र उद्देश्यमुखी रहेका छन्,

२) कक्षा दशमा कथा शिक्षण गर्दा शिक्षकले कुन कुन विधिहरू प्रयोग गरेका छन्,

३) कक्षा दशमा अध्ययनरत विद्‌यार्थीको लागि कथा शिक्षण कार्यकलापमा अपनाइएका शिक्षण विधिहरू समस्यामूलक छन् वा छैनन्,

४) शिक्षण विधिमा सुधार ल्याउन के कस्ता उपायहरू सुझाउन सकिन्छ ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

क) कथा शिक्षण विधिबाट सम्बन्धित विधा शिक्षणको उद्देश्य पूरा भएको छ कि छैन ?

ख) विद्‌यालयहरूमा प्रभावकारी शिक्षण गर्नका लागि के कस्ता विधिहरूको अवलम्बन गर्दा उपयुक्तहुन्छ ?

ग) कथा शिक्षणमा अपनाइएका कार्यकलाप तथा विधिहरू के कति रूपमा प्रभावकारी बनेका छन् वा छैनन् ?

घ) शिक्षण विधिहरूलाई के कस्ता रूपमा सुधार गरिँदै लान सकिन्छ ?

## १.५ अध्ययनको महत्त्व

नेपाली भाषा तथा साहित्य शिक्षणसँग सम्बद्ध विभिन्न शीर्षकहरूमा अध्ययन अनुसन्धान भए पनि कथा शिक्षणमा प्रयुक्त विधिहरूको अध्ययन भने थोरै मात्र शोधार्थीहरूले शोधपत्र प्रस्तुत गरेको पाइन्छ ।

कथा शिक्षणले चारैवटा भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई समेट्न सकेको छ कि छैन ?कथा शिक्षण कसरी गरिन्छ ? कस्ता विधिहरूको प्रयोग गरिन्छ ?ती भाषिक सीप हासिल गराउनका लागि कक्षाकोठामा कुन कुन शिक्षण विधि प्रयोग गरेका छन् ? ती के के हुन् ?आदि कुराहरूको अध्ययन गर्नु पनि भाषा शिक्षण आवश्यक देखिन्छ ।

कक्षा दश मा कथा शिक्षण गर्दा प्रयुक्त शिक्षण विधिहरूको अध्ययन शीर्षक अन्तर्गत कुनै पनि शोधार्थीले कहीकतै शोधपत्र प्रस्तुत गरिएको पाईदैन । कक्षा १०काविद्यार्थीहरूलाई कथा विधाको उपयुक्त अध्ययन गर्नु महत्त्वपूर्ण मानिन्छ ।

यस अध्ययनले कथा विधा शिक्षण गर्दा कुन कुन विधिहरूको प्रयोग गर्न भन्ने द्विविधामा रहेका शिक्षकहरूको अन्योल हटाउने सहयोग गर्नेछ । विद्यार्थीको स्तर, कथा विधाको प्रयोजन अनुरूप उपयुक्त विधिहरूको छनोट गरी शिक्षण गर्न शिक्षकका लागि उपयोगी माध्यम बन्नेछ ।

कक्षा दश को कथा शिक्षणका क्रममा शिक्षकले कुन कुन विधि प्रयोग गरेका छन् ,ती विधिहरूविद्यार्थीको स्तर र कथाको प्रयोजन अनुसार उपयुक्त छन् वा छैनन् निष्कर्ष तथा कमीकमजोरीहरूप्रति निष्कर्ष दिने प्रयास यस शोधकार्यले गरेको छ । यसले कथा शिक्षणका क्षेत्रमा रुचि राख्ने अनुसन्धानकर्ता, शोधार्थी, सङ्घसंस्थाका लागि समेत उपयोगी साधन हुने अपेक्षा गरिएको छ ।

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनका सीमाहरू निम्न अनुसार रहेका छन् :

क) यो शोधकार्यमा मोरङ बेलबारी नगरपालिकामा अवस्थित विद्यालयहरूले कक्षा १० मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको सन्दर्भमा मात्र अध्ययन गरिएको छ ।

ख) यस शोधकार्यमा कक्षा १० को कथा शिक्षण क्रममा अपनाइएका शिक्षण विधिहरूको उपयुक्तताको सन्दर्भमा मात्र सीमित रही अध्ययन गरिएको छ ।

ग) बेलबारी नगरपालिकामा अवस्थित सरकारी र संस्थागत गरी ४/४ वटा जम्मा ८ वटा प्रतिनिधि विद्यालय लिइएको छ ।

घ) यस अध्ययन बेलबारी नगरपालिकाका सरकारी र संस्थागत गरी ८ वटा विद्यालयहरूमा अध्यापनरत ८ जना नेपाली शिक्षकहरूको शिक्षण प्रश्नावली फाराम र कक्षा अवलोकन फारम गराई अध्ययन गरिएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

दन्त्यकथा कथनमा स्वाद कथालाई एकाग्र भई उसको कथा सुन्ने शिक्षित अशिक्षित श्रोताका बीचको तादाम्यता जीवनको विशिष्ट परम्परा हो । त्यस बाहेक हितोपदेशको कथाको पठन पाठनले लामो समयदेखि हाम्रो समाजमा अविच्छिन रूपमा प्रभाव पार्दै आएको थियो । लोक कथाको पराम्परा पनि परापूर्वककाल देखि प्रचलित रहेको पाइन्छ । कथाको सहि प्राचीनता र रोचकताले गर्दा यसलाई विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको छ । भाषा सिकाइलाई रुचिपूर्ण, सुगम त बनाउने सकिन्छ नै साथै विद्यार्थीहरूमा कल्पना शक्ति, सृजना शक्ति र साहित्यप्रति रुचि जगाउन पनि सहज हुन्छ (शर्मा र पौडेल, २०६० :पृ. १९८) ।

मानवीय सभ्यताको उषकालीन यामसँगै कथाको जन्म हुन पुगेको कुरामा अधिकांश साहित्यिक विज्ञहरूले स्वीकृति जनाएका छन् । सभ्यताको पहिलो बिहानीमा विनाबन्धन स्वच्छन्द पन्छीसरि उन्मुक्त रहेको अवस्थामा मानिसले एक-आपसमा आफ्ना मनका हर्ष-पीडा, दुःख दर्द आदिलाई अभिव्यक्ति गर्ने क्रममा कथाको प्रादुर्भाव भएकाले यसको परम्परा प्राचीनतम रहेको पुष्टि हुन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्य परम्परामा कथाका लामो परम्परा रहे पनि यसले सैद्धान्तिक मान्यता भने १९ औं शताब्दीमा पाश्चात्य जगत्मा प्राप्त गरेको हो भन्ने विद्वान्हरूको अभिमत रहेको पाइन्छ (भण्डारी र अन्य, २०६४:४) ।

संस्कृत भाषाको कथ् (कथने) धातुमा अङ् (अ) प्रत्ययबाट निष्पन्न 'कथ' मा टाप (आ) प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ केही कुरा भन्नु वा कहनु हो । संस्कृत साहित्यमा कथालाई कथागाथा, आख्यान, आख्यायिका भन्ने गरिन्थ्यो भने अङ्ग्रेजी साहित्यमा स्टोरी टेल, फेबुल, र अन्त्यमा सर्ट स्टोरी भन्न थालियो । यसैगरी कथालाई हिन्दीमा कहानी, बङ्गालीमा गल्प र नेपालीमा कथाकुथुङग्री आहान आदि संज्ञा दिएको पाइन्छ । वास्तवमागद्य भाषाको किस्सा तथा पात्रप्रधान वा कथात्मक निबन्धको सामन्जस्यताबाट आधुनिक कथा विधाको जन्म भएको हो । साहित्यका विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको जन्म भएको हो । साहित्यका विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्न सफल कथा विधाले अति छिटो जनमानसमा गहकिलो प्रभाव छोड्न

सफल भएको पाइन्छ (ऐ) ।

साहित्यका विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा चिरपरिचित सफल कथा विधालाई अत्यन्तै छिटो जनमानसमा गहकिलो प्रभाव राख्न सफल भएको पाइन्छ ।

यसलाई भाषा सिकाइमा रुचिपूर्ण, उत्प्रेरणा र जागरुक बनाउन सकिन्छ साथै यसबाट कल्पनाशक्ति र सृजनशीलता बढाउन सकिन्छ । वर्तमान अवस्थामा  आइपुग्दा अन्य विधाहरूको तुलनामा कथा विधाले लोकप्रिय र चर्चित बन्न सफल भएको आफूलाई परिभाषित गरेको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

अनुसन्धान नयाँ-नयाँ तथ्यहरूको खोज गर्नु, भाषाको इतिहास, प्रयोग र उपलब्धिबारे व्याख्या तथा विश्लेषण गरी तथ्य पहिल्याउन गरिएको पुरानै कुरालाई सही तथ्यका आधारमा परिमार्जित गर्नु पनि हो ।

शोधकार्य गर्दाको अवस्थामा पनि सम्बन्धित क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरूको जानकारी लिनका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु पर्दछ । शोधकार्यका लागि आवश्यक विधि, प्रक्रिया, तथ्याङ्याक शास्त्रीय पद्धति र कस्ता-कस्ता उपकरणको विषयमा शोधकार्य भयो र कस्ता-कस्ता शोधकार्य हुन बाँकी छ र ती भइसकेका शोधकार्य भन्दा भिन्न आफ्नो शोधकार्यमा के-के भिन्नताहरू छन् वा छैनन् भन्ने विषयमा जान्न सम्बन्धित साहित्यको पुनरावलोकन गरिनु पर्दछ ।

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण गर्नु हो । भाषिक सीप अन्तर्गत (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को प्राप्ति नै भाषाशिक्षणको अपेक्षा हो । भाषा शिक्षणका सन्दर्भमा भाषापाठ्यक्रम र पाठ्यपुस्तमा समावेश गरिएका निबन्ध वा प्रबन्ध, कविता, कथा, रूपक, चिठ्ठी आदि जस्ता फरक-फरक विधाहरू हुन्छन् । विभिन्न विधाहरूमध्येको उत्कृष्ट विधा कथा शिक्षणमा अपनाइएका शिक्षण विधिहरूको अध्ययनमा यो शोधकार्य सम्बन्धित शोधकार्य मोरङ, बेलबारी नगरपलिकामा अवस्थित कक्षा दश का विद्यार्थीहरूमा कथा शिक्षणमा अपनाइएका विधि सम्बन्धमा शोध अध्ययन कार्य भएको छैन ।

त्यसैले सम्बन्धित क्षेत्रमा प्रत्यक्ष रूपमा अध्ययन अनुसन्धान गरी ती नेपाली विषयका

शिक्षक शिक्षिकाहरूले कुन-कुन शिक्षण विधिहरूको प्रयोग गर्दै आएका छन् ? के कति रूपमा प्रभावकारी बन्न सफल भएको छ ? ती शिक्षण विधिलाई के कति सुधार गर्न सकिन्छ, भन्ने बारे यो शोधकार्य सम्बन्धित रहेको छ । कथा शिक्षण विधि तथा कार्यकलापसँग निकट सहयोगी पुस्तक र शोधपत्रको पुनरावलोकन अध्ययन निम्नानुसार गरिएको छ ।

शोधर्थी देवीदत्त पौडेल (२०६०) द्वारालिखित 'कक्षा आठको कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकमा कक्षा आठमा कथा शिक्षण गर्दा शिक्षक शिक्षिकाहरूले प्रयोग गर्ने शैक्षणिक विधिहरूको सर्वेक्षण गर्ने, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक शिक्षिकाहरूले अपनाएका विधिहरूको तुलनात्मक अध्ययन गर्ने, निजी तथा सरकारी विद्यालयहरूमा कथा शिक्षण गर्दा प्रयोग हुने विधिहरूको तुलनात्मक अध्ययन गर्ने, ग्रामीण र शहरीय विद्यालयका शिक्षकहरूले प्रयोग गर्ने शिक्षण विधिहरूबीचको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखी तयार गरिएको यो अनुसन्धानमा निजी विद्यालयका शिक्षक शिक्षिकाहरूले भन्दा अनुदान प्राप्त विद्यालयका शिक्षकले शैक्षिक योजना निर्माण गरको कुरा उल्लेख छ , भने शैक्षिक कार्यकलापमा निजी विद्यालय अगाडि भएको पाइयो । शैक्षिक सामग्री तालिम प्राप्त शिक्षकले बढी प्रयोग गरेको उल्लेख छ । सहरी र ग्रामीण दुवै क्षेत्रमा शिक्षकहरूले कथा शिक्षणमा अपनाइएका विधि र कार्यकलापहरू सम्बन्धित यो अनुसन्धानात्मक शोधपत्र प्रस्तुत गरिएको पाइयो ।

शोधार्थी गोपाल बुढाथोकी (२०६२) द्वारा लिखित 'कक्षा सातमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षक शोधपत्रमा कविता शिक्षणमा कुन-कुन शिक्षण विधि प्रयोग गरिएका थिए भन्ने जानकारी लिनका लागि तयार बनाएका कक्षा अवलोकन फाराम र प्रश्नावलीमा शिक्षण विधिको उल्लेख गरिएको पाइयो । प्रस्तुत शोधकार्यले निजी तथा सरकारी विद्यालयहरूले अपनाउँदै आएका शिक्षण विधिहरू बीचको तुलनात्मक अध्ययनलाई स्पष्ट रूपमा उल्लेख गरिएको पाइयो ।

बुद्धराज खनिया, राम कुमार अधिकारी र विप्रहरि दहाल नेपाली भाषा शिक्षण (दोस्रो संस्करण-२०६८) नामक पुस्तकमा विशेष गरी विद्यालय तहमा भन्दा माथिल्लो स्तरको तहमा भाषाका विभिन्न विधामा शिक्षण गर्दा अपनाएका शिक्षण विधि र कार्यकलापहरूको चर्चा परिचर्चा गरिएको छ । उक्त पाठ्यपुस्तकमा नेपाली भाषा शिक्षण सम्बन्धी परिचय, भाषा पाठ्यक्रमको विगत र वर्तमान नेपाली पाठ्यक्रमको चर्चा गर्दै भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइका बारेमा पनि अलग-अलग शीर्षकमा विस्तृत उल्लेख गरिएको पाइन्छ ।

अँगाई (२०६०) द्वारा तयार पारिएको ‘कक्षा नौं गद्य विधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिको अध्ययन’ शीर्षकको शोधपत्रमा कक्षा नौं मा गद्य विधा शिक्षण गर्दा शिक्षकले गर्ने गरेका कार्यकलापहरू तथा विधिहरूको अध्ययन गर्ने, प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त विधिहरू ठम्याउने, सार्वजनिक र निजी तथा आवासीय विद्यालयहरूमा अपनाइएका क्रियाकलापहरूको जानकारी दिने, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले गद्य विधा शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधि तथा क्रियाकपलाहरूको जानकारी प्राप्त गर्ने जस्ता उद्देश्यमा केन्द्रित रही क्षेत्रीय अध्ययन विधिको प्रयोग गरेको देखिन्छ । नमुना विद्यालयका रूपमा काठमाडौं र ललितपुर जिल्लाका सार्वजनिक र निजी तथा आवासीय गरी ६ गटा विद्यालयहरूबाट कक्षा अवलोकन फाराम र प्रश्नावलीजस्ता सामग्रीका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी पाँच अध्यायमा लेखिएको उक्त शोधमा नेपाली भाषा शिक्षण गर्ने तालिम प्राप्त र तालिम अप्राप्त दुवै खाले शिक्षकले चक, डस्टर बाहेक अन्य शैक्षिक सामग्रीको प्रयोग नगरेको, कक्षा व्यवस्थापन पक्षलाई अवलोकन गर्दा सार्वजनिक विद्यालयका तुलनामा निजी तथा आवासीय विद्यालय देखिएको, तालिम प्राप्त शिक्षकहरूले विद्यार्थी केन्द्रित विधिको बढी प्रयोग गर्ने गरेको, तर तलिम अप्राप्त शिक्षकहरू व्याख्यान विधिमै केन्द्रित रहेको निष्कर्ष पाइन्छ । तर गद्य विधामा रहेका विविध विधाहरू तिनीहरूको प्रकृतिअनुसार कसरी, कुन क्रममा वा कस्ता कार्यकलापहरूको उपयोग गरी शिक्षण गर्दा गद्य विधा शिक्षणको प्रयोजनअनुरूप शिक्षण उपयुक्त हुन्छ भन्ने कुराको उल्लेख भने पाइँदैन ।

बुढाथोकी (२०६२) को ‘कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन’ शीर्षकको शोधपत्रमा भाषाशिक्षणका क्रममा प्रयोग गरिने महत्त्वपूर्ण विधिहरूको उल्लेख गरी तीमध्ये कविता विधाको शिक्षण  गर्दा उपयुक्त हुने विधिहरूको छनोट गर्ने, काठमाडौं जिल्लाका सरकारी र निजी तथा आवसीय विद्यालयमा शिक्षकहरूले कक्षा सातमा कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरू कस्ता छन् ?अनुसन्धान गरी पत्ता लगाउनु, काठमाडौं जिल्लाका सरकारी र निजी तथा आवसीय विद्यालयका शिक्षकहरूबीच तथा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूबीच शिक्षण विधिमा भएको भिन्नता अनुसन्धान गरी पत्ता लगाउने उद्देश्य मूलतः सर्वेक्षण विधिमा केन्द्रिय भएर काठमाडौं जिल्लाका ५ वटा सरकारी र ५ वटा निजी तथा आवसीय विद्यालयलाई नमुना छनोट गरी कक्षा अवलोकन फाराम र प्रश्नावली उपकरणका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी शोधपत्र तयार गरेको देखिन्छ । जम्मा ६ वटा अध्यायहरूमा विभाजित गरी तयार पारिएको उक्त शोधपत्रमा सरकारी विद्यालयको तुलनामा निजी तथा आवसीय विद्यालय हरेक पक्षमा स्तरीय पाइएको, तालिम अप्राप्त शिक्षकहरूका तुलनामा तालिम

प्राप्त शिक्षकको शिक्षण प्रभावकारी रहेको, प्रश्नावलीबाट प्राप्त तथ्याङ्कमा सरकारी विद्यालयका तुलनामा निजी तथा आवसीय विद्यालयले दिएको प्रश्नोत्तरमा एकरूपता बढी पाइएको निष्कर्ष रहेको छ ।

न्यौपाने (२०६२) द्वारा तयार पारिएको 'कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोधपत्रमा कविता शिक्षणको सङ्क्षिप्त परिचय दिने, निजी र सरकारी विद्यालयका शिक्षकहरूको कविता शिक्षण गर्दा प्रयोग गर्ने विधिहरूको फरक पहिचान गर्ने, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षहरूले कविता शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरूको फरक पत्ता र लगाउनेजस्ता उद्देश्यले क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रही दाङ जिल्लाका १० वटा निजी र १० वटा सरकारी विद्यालयहरूलाई अध्ययन क्षेत्र मानिएको छ । चार अध्यायमा सङ्गठित उक्त शोधपत्रमा सरकारी विद्यालयका ८० प्रतिशत र निजी विद्यालयहरूका ९० प्रतिशत शिक्षकहरू तथा तालिम प्राप्त शतप्रतिशत शिक्षकहरूले र तालिम अप्राप्त ७० प्रतिशत शिक्षकहरूले शब्दार्थ शिक्षण गरेको, सरकारी विद्यालयका शतप्रतिशत र निजी विद्यालयका ६० प्रतिशत शिक्षकले लयवाचन गराएको, कविता शिक्षणमा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरू र तालिम अप्राप्तहरूका तुलनामा तालिम प्राप्त शिक्षकहरूको शिक्षण राम्रो रहेको निष्कर्ष पाइन्छ ।

भट्टराई (२०६७) ले 'कक्षा आठ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिको अध्ययन' शीर्षकको शोधपत्रमा शब्दार्थ शिक्षणमा प्रयोग गर्न सकिने विधिहरूको पहिचान गर्ने, सामुदायिक र निजी विद्यालयका शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरूको पहिचान गर्ने, शिक्षकद्वारा शब्दार्थ शिक्षणका सिद्धान्तअनुसार निर्माण गरिएका व्यावहारिक पक्षको विश्लेषण गर्ने उद्देश्यले सर्वेक्षण विधिमा केन्द्रित रही उक्त शोधपत्र मोरङ जिल्लाका पथरी र शनिश्चरे गा.वि.स का ५ वटा सामुदायिक र ५ वटा निजी विद्यालयलाई अध्ययन  क्षेत्र मानेको देखिन्छ । उक्त विद्यालयहरूमा कक्षा ८ मा नेपाली भाषाशिक्षण गर्ने १० जना शिक्षकहरूको कक्षा अवलोकन फाराम र लिखित अन्तर्वार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी चार अध्यायमा सङ्गठित गरी तयार पारिएको उक्त शोधपत्रमा निजी विद्यालयले शब्दार्थ शिक्षणका ६ वटा शिक्षण विधिहरू र सामुदायिक विद्यालयले ६ वटा शिक्षणका ३ वटा विधिहरू: पर्यायवाचीकरण, आर्थीकरण र परिभाषीकरण विधिको अत्यावधिक प्रयोग गर्ने गरिएको, शब्दार्थ शिक्षणका ३ वटा विधिहरू अनेकार्थीकरण, वस्तुप्रत्यक्षीकरण र व्युत्वत्तीकरण विधिहरूको भने दुवै विद्यालयका शिक्षकहरूले प्रयोग नगरेको, औसत प्रतिशतलाई हेर्दा निजी विद्यालयका तुलनामा सामुदायिक विद्यालय

पर्यायवाचीकरण विधिको प्रयोगमा अगाडि रहे पनि अन्य विधिहरूको प्रयोगमा निजी विद्यालय नै अगाडि र व्यवहारिक रहेको निष्कर्ष पाइन्छ ।

शोधार्थी सुमिता राई (२०६९) ले 'कक्षा-नौं मा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन' नामक शोधपत्रमा नेपाली कथा शिक्षणको निमित्त प्रयोग गरेका विविध विधिहरूको उल्लेख गर्नुका साथै भाषिक सीप विकासका लागि गरिने कार्यकलापहरूको चर्चा गरिएको छ ।

यसरी सम्बन्धित साहित्यको पुनरावलोकन अध्ययन गर्दा नेपाली भाषासँग साहित्यका विविध विधाहरूमा विभिन्न तह, कक्षासँग सम्बन्धित भएर कक्षा शिक्षणमा प्रयुक्त विधिको अध्ययनमा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू सामुदायिक र निजी विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरूको अध्ययन भएको पाइन्छ । कक्षा १०मा कक्षा शिक्षण गर्दा प्रयुक्त शिक्षण विधिहरूको पहिचान गर्ने, शिक्षकले कथा शिक्षणमा कुन-कुन विधिहरूको प्रयोग गरेका छन् । शिक्षकद्वारा प्रयुक्त विधिहरू कथा विधा शिक्षणको कक्षाको स्तर अनुरूप उपयुक्त छन् कि छैनन्, शिक्षकले प्रयोग गरेका कथा शिक्षण विधिहरूबाट सम्बन्धित विधाको उद्देश्य पूरा हुन्छ कि हुँदैन भन्ने कुराको अध्ययन भएको देखिएन । यस सन्दर्भमा शोधकार्य औचित्यपूर्ण हुने अपेक्षा लिइएको छ ।

## २.३ अध्ययनका लागि पुनरावलोकनको उपादेयता

साहित्य भाषाको विशिष्ट रूप हो । जब साहित्यमा प्रयोग गरिन्छ सो भाषाले विशिष्टता प्राप्त गरेको हुन्छ । भाषा शिक्षणमा पनि साहित्यको उपयोगलाई निकै महत्त्वपूर्ण मान्न सकिन्छ । भाषा शिक्षणको मूल प्रयोजन भनेको नै भाषाका आधारभूत सीपहरू(सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । यस्ता विविध पक्षहरूको विकासका निमित्त साहित्यको उपयोगलाई ज्यादै महत्त्वपूर्ण मानिन्छ । यस्ता साहित्यले विद्यार्थीको पठन क्षमताको विकास गराएसगै विद्यार्थीहरूमा पढ्ने अभिरुचि बढ्नका साथै यस्ता साहित्यिक सामग्री खोज्ने बानीको विकास गराएको पनि पाइन्छ ।


साहित्यका कविता, कथा, निबन्ध, रूपक, आदि विविध विधाहरू छन् । ती हरेक विधाहरूका आ-आफ्नो वैशिष्टय हुन्छ । कविता काव्यत्मक, लयात्मक हुनु, कथा आख्यानात्मक हुनु, विधागत वैशिष्ट्य हुन् । विधागत वैशिष्ट्यता अनुसार शिक्षण गरे मात्र शिक्षणमा प्रभावकारीता ल्याउन सकिन्छ ।

प्रस्तुत शोधकार्य कक्षा १० मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिमा आधारित

भएर गरिएको अध्ययन भएकाले कथा शिक्षणमा अवलम्बन गरिदै आएका व्याख्यात्मक, प्रश्नोत्तर, छलफल, अभिनेयात्मक विधिहरूलाई शिक्षकहरूले विद्यार्थीहरूको तह स्तरअनुसार प्रयोग गर्ने सम्बन्धमा अध्ययन अनुसनधानका निमित्त साहित्यको पुनरावलोकनले थप सहयोग पुऱ्याएको पाइन्छ ।

## २.४ सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा

- कक्षादश मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,



# परिच्छेद : तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

प्रस्तुत शोध बेलबारी नगरपालिकामा अवस्थित विद्यालयहरूले कक्षा-दश मा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिका बारेमा गरिएको यस शोध कार्य विश्लेषणात्मक तथा वर्णनात्मक ढाँचामा रहेको छ । यसको माध्यमद्वारा अध्ययन क्षेत्रको शिक्षण विधिलाई प्रस्तुत गरिने हुँदा शिक्षणमा भए गरेका र शिक्षणमा थप कुन-कुन विधि तथा कार्यकलापहरूमा सुधार गर्नु पर्ने हो बारेमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई सही मार्ग निर्देशनका लागि अन्य थप सुधारात्मक सरसल्लाह तथा सुझावहरू प्रशस्त गरिएको छ।

प्रस्तुत शोधकार्य सम्बन्धित क्षेत्रमा गई विभिन्न विधिहरूको सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । कथा शिक्षण क्रममा शिक्षकहरूले कुन-कुन विधिहरूलाई अपनाइएका छन् ? भन्ने बारे उल्लेख गरिएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

प्रस्तुत शोधकार्यका लागि बेलबारी नगरपालिकामा अवस्थित कक्षा १० मा कथा शिक्षण गर्ने शिक्षकहरूलाई लिएको छ ।

यस शोधकार्य मोरङको बेलबारी नगरपालिकामा सरकारी ४ वटा र निजी ४ वटा विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने ८ जना शिक्षकहरूलाई नमुनाको रूपमा लिएको छ ।

प्रस्तुत शोधकार्यका लागि बेलबारी नगरपालिका सरकारी र निजी गरी ८ वटा विद्यालय गई अध्ययन गरिएको छ ।जुन निम्नानुसार छन् :

१. सरकारी विद्यालयहरूको नामावली :

| क.स | विद्यालयहरू |
|---|---|
| १. | श्री कविर मा.वि. बेलबारी, मोरङ |
| २. | श्री भगवती उच्च मा.वि. बेलबारी, मोरङ |
| ३. | श्री धम्पाल मा.वि. बेलबारी, मोरङ |
| ४. | श्री कसेनी उच्च मा.वि. बेलबारी, मोरङ |

निजीविद्यालयहरूको नामावली :

| क.स | विद्यालयहरू |
|---|---|
| १. | श्री गोदावारी विद्या मन्दिर आवसीय माध्यमिक विद्यालयबेलबारी ३, मोरङ |
| २. | श्री शिक्षा सन्देश सेकेन्डरी इङ्लिस स्कुल बेलबारी ४, मोरङ |
| ३. | श्री भानु मेमोरीयल सेकेन्डरी इङ्लिस स्कुल बेलबारी ३, मोरङ |
| ४. | श्री सगरमाथा सेकेन्डरी इङ्लिस स्कुल बेलबारी ३, मोरङ |

यस अध्ययन अनुसन्धान विशेष गरी नेपाली भाषा शिक्षणका शिक्षकहरूलाई नै प्रमुख आधारको रूपमा छनोट गरिएको छ ।

सरकारी र निजी विद्यालयको शिक्षकहरूको योग्यताका आधारमा भाषासम्बन्धी तालिम, अनुभव भए नभएको, क्षमता के कति छ, त्यस अनुरूप पनि अध्ययन अनुसन्धान गर्नका लागि यस शोधकार्यलाई महत्त्वपूर्ण मानिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

अनुसन्धान कार्यमा अध्ययन क्षेत्रको आवश्यकता पर्दछ । अनुसन्धान कार्य गर्दा अनुसन्धानकर्ताले सम्बन्धित क्षेत्रमा रहेर अध्ययन गर्नु पर्दछ । मोरङ जिल्लाको बेलबारी नगरपालिकामा अवस्थित कक्षा १० मा कथा शिक्षण गर्ने क्रममा अपनाइएका शिक्षण विधिहरूको अध्ययन सम्बन्धी शोधपत्र तयार गरिएको छ ।

कथा शिक्षणमा आधारित भएकोले सम्बन्धित क्षेत्रमा गई प्रत्यक्ष अवलोकन गर्ने सरकारी ४ वटा र निजी ४ वटा विद्यालयका ८ जना नेपाली भाषा शिक्षणका शिक्षकहरूको कक्षा अवलोकन र प्रश्नावलीमा सीमित रही शोधकार्य पूरा गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधकार्यको अध्ययन प्राथमिक स्रोतको रूपमा शोधकर्ता सम्बन्धित क्षेत्र स्वयम्

उपस्थित भएर तथ्याङ्कको सङ्कलन गरिएको छ। सरकारी ४ वटा र निजी ४ वटा विद्यालयहरूका भाषा शिक्षणका शिक्षकहरूलाई लिएको छ।

शोधकार्यका लागि प्रश्नावली फाराम भराएर, कक्षा अवलोकन गरेर र प्रश्नावली गरेर तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.५ सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्यलाई तथ्यपूर्ण र प्रभावकारी बनाउनका लागि सम्बन्धित क्षेत्र गई प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ। नेपाली विषयका शिक्षाविद्सँग सरसल्लाह, सुझाव र सम्बन्धित साहित्यको पुनरवलोकन खोज, अनुसन्धान, अध्ययन कार्यहरूको सहयोग स्वरूप थप तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण

अध्ययन अनुसन्धान कार्य गर्नका लागि तथ्याङ्क सङ्कलन गर्नु पर्दछ।शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि तयार गरिने प्रश्नहरू र कक्षा अवलोकन फारामलाई छुट्टाछुटै रूपमा शिक्षणसम्बन्धी गतिविधि बुझ्नका लागि प्रयोग गरिएको छ। नेपाली विषय शिक्षकले के कसरी शिक्षण गरेका छन् , के कस्तो विधिहरूलाई अवलम्बन गरेका छन्, यसबारे पूर्ण जानकारी लिनका निमित्त प्रश्नावली फाराम भराउनका साथै कक्षा अवलोकन समेत गरिएको छ।

प्राप्त सम्पूर्ण तथ्याङ्कको व्याख्या विश्लेषण, शोध निर्देशन, विषय तथा शिक्षाविद्हरूको सरसल्लाह, सुझावका आधारमा प्रश्नावली फाराम र कक्षा अवलोकन फारामकोआवश्यकता अनुसार सुधार गरिएको छ।

# परिच्छेद : चार

# व्याख्या तथा विश्लेषण

## ४.१ नतिजाको व्याख्या एवम् विश्लेषण

प्रस्तुत शोधकार्यसँग सम्बन्धित तथ्याङ्कहरूलाई एउटा निश्चित दिशा प्रदान गर्नका निम्ति यस अध्यायमा उक्त तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनमा कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फाराम जस्ता उपकरणका माध्यमबाट प्राप्त तथ्याङ्कहरूको प्रतिशत रूपान्तरण गर्नका साथै डिग्रीमा पनि रूपान्तरण गरेर उक्त तथ्याङ्हरूलाई तालिका, स्तम्भ चित्र, बहुस्तम्भ चित्र तथा वृत्तचित्र मार्फत प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । तथ्याङ्हरूको व्याख्या विश्लेषण अन्तर्गत कक्षा अवलोकन फारामको नतिजा, कक्षा शिक्षण विधिहरूका सन्दर्भमा सरकारी र निजी विद्यालयको तुलना तथा शिक्षक प्रश्नावली फारामबाट प्राप्त नतिजा, समग्र स्रोत (कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फाराम) को तुलना र अन्त्यमा उक्त स्रोतहरूबाट सङ्कलित तथ्याङ्कलाई एकै ठाउँमा समावेश गरी संयुक्त रूपमा पूर्ण तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ ।

तथ्याङक विश्लेषणका विविध विधिहरूमध्ये लिकर्ट विधि (पराजुली र अन्य, २०६६: २६०) को प्रयोग गरी मध्यिका औसत निकालिएको जुन विधि अनुसार नतिजालाई नकारात्मकबाट सकारात्मक सम्म समान अङ्कको आधारमा राखिएको छ । कक्षा दश मा कथा शिक्षण गर्दा प्रयोग गरिएको अध्यपन गर्ने क्रममा लिकर्ट विधिको सूत्र प्रयोग गरी मध्यिका औसत गणना गरी तालिकामा प्रस्तुत गरिएको छ ।

लिकर्ट विधिद्वारा मध्यिका असौत निकाल्न

सूत्र, मध्यिका औसत $\frac{Nol \times l + No2 \times 2 + \ldots\ldots\ldots\ldots}{Nol + No2 \ldots\ldots\ldots\ldots}$

प्रस्तुत शोधकार्यलाई पूर्णता प्रदान गर्ने क्रममा कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फाराम जस्ता तथ्याङ्कक माध्यमबाट प्राप्त तथ्याङ्कको नतिजालाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा प्राप्त नतिजालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ र बहुस्तम्भ चित्रमा प्रस्तुत गरिएको भने डिग्रीमा रूपान्तरण गरी वृत्तचित्रमा समेत प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

कक्षा अवलोकनकाक्रममा सरकारी विद्यालयबाट प्राप्त नतिजा र निजी विद्यालयबाट प्राप्त नतिजालाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।


उक्त सबै स्रोतहरू (कक्षा अवलोकन फाराम, शिक्षक प्रश्नावली फाराम) बाट सङ्कलित तथ्याङ्कहरूको नतिजालाई प्रतिशतमा रूपान्तरण गर्नका लागि निम्न सूत्रको प्रयोग गरिएको छ ।

$$\text{प्राप्ताङ्क प्रतिशत} = \frac{\text{वास्तविक प्राप्ताङ्क}}{\text{प्राप्ताङकहरूको कुल योग}} \times १००$$

$$\text{अर्थात्} \frac{100X}{\sum X}$$

यसैगरी प्राप्ताङ्कको व्याख्या तथा विश्लेषण गर्ने क्रममा तीर्थराज पराजुली र अन्यको शिक्षामा मापन तथा मूल्याङ्कन नामक पुस्तकमा उल्लिखित लिकर्ट विधिको आधारमा लिइएको छ ।

यसरी प्राप्त हुने अङ्कहरूको औसतले व्यक्तिको साङख्यिक मात्राको प्रतिनिधित्व गर्दछ भन्ने कुरा यस विधिमा उल्लेख गरिएको छ । सोही तथ्यलाई आधार मानेर प्राप्ताङ्कको व्याख्या तथा विश्लेषण गर्ने क्रममा कक्षा १० मा कथा शिक्षणका विधिहरूको प्रयोगलाई नकारात्मकबाट पूर्णतया सकारात्मक नतिजाको आधारमा हेर्दा १६.५ प्रतिशत सम्म नतिजा आएमा प्रयोग नगरिएका विधिहरू मानिएको छ भने १६.५ प्रतिशतदेखि १८.५ प्रतिशतसम्म नतिजा आएमा अनिर्णित विधि मानिएको छ । १८.५ प्रतिशत भन्दा बढी नतिजा आएमा प्रयोग गरिएका विधिहरू मानिएको छ जसलाई तल प्रस्तुत गरिएको छ ।




प्राप्ताङ्कको विश्लेषणका क्रममा यस अध्यायको अन्त्यमा कक्षा अवलोकन फारम र शिक्षक प्रश्नावली फारामबाट सङ्कलित तथ्याङ्कहरूलाई संयुक्त रूपमा अङ्क गणितीय 'मध्यमान्' को प्रयोग गरीपूर्णरूपमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको ।

मध्यमान निकाल्न निम्न सूत्रहरूको प्रयोग गरिएको छ :

$$\text{सूत्र, मध्यमान} = \frac{\text{प्राप्ताङ्कहरूको कूल योग}}{\text{कूल सङ्ख्या}}$$

## ४.२ कक्षा अवलोकन फारामको नतिजा

कक्षा अवलोकन फारामको माध्यमबाट तथ्याङ्क सङ्कलन गर्ने क्रममा कक्षा प्रत्यक्ष अवलोकन गर्दा सरकारी विद्यालयहरूलाई समावेश गरिएको छ । उक्त अवलोकनका क्रममा कक्षा १० मा कथा शिक्षण गर्दा शिक्षकले तल उल्लिखित ७ वटा विधिहरूको प्रयोग अवस्था कस्तो रहयो ? जस्ता तथ्य पत्ता लगाउन तालिकाको प्रयोग गरी तथ्याङ्क (प्राप्ताङ्क) को मध्यिका औसत गणना गरिएको छ । कक्षा अवलोकन फाराममा राखिएका ४ वटा मापदण्डहरू आधारित भई (निम्न, मध्यम, उत्तम, अत्युत्तम) प्रत्येक विधि कुन-कुन मापदण्डमा कति तथ्याङ्क प्राप्त भयो सोही अनुरूप मध्यिका औसत गणना गरी तथ्याङ्क र नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**कक्षा अवलोकन फारामबाट प्राप्त नतिजा**

| क्र.सं. | कथा शिक्षण विधिहरू | नतिजा | | | | |
|---|---|---|---|---|---|---|
| | | निम्न | मध्यम उत्तम | उत्तम | अत्युत्तम | औसत |
| १ | व्याख्यान | - | - | ६ | २ | ३.२५ |
| २ | छलफल/प्रश्नोत्तर | - | २ | ६ | - | २.८० |
| ३ | तुलना | ३ | ४ | १ | - | २.५० |
| ४ | समीक्षा | ४ | २ | २ | - | १.७५ |
| ५. | प्रतिवेदन प्रस्तुति | ५ | ३ | - | - | १.५० |
| ६ | पठनबोध | - | ३ | ४ | १ | ३.१० |
| ७ | लेख प्रस्तुतीकरण | ५ | २ | १ | - | १.६२ |

स्रोत : कक्षा अवलोकन फाराम


कक्षा १० मा कथा शिक्षणको कक्षा अवलोकन क्रममा प्राप्त तथ्याङ्कहरूको गणना हेर्दा व्याख्यान विधिको प्रयोग सवैभन्दा बढि गरिएको पाइयो । त्यसपछि दोस्रो विधिको रूपमा पठनबोध विधिलाई प्रयोग गरिएको पाइयो । तेस्रो विधिका रूपमा प्रश्नोत्तर तथा छलफल विधिको प्रयोग गरिएको पाइयो, यसै क्रममा अन्य विधिहरूको प्रयोगलाई अवलोकन गर्दा क्रमशः तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुतीकरण रहेको पाइयो ।

उक्त कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको प्रतिशतमा रूपमान्तरण गरी स्तम्भ चित्रमा

तल प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र १**

**कक्षा अवलोकन फारामको नतिजा**




स्रोत : कक्षा अवलोकन फाराम

स्तम्भ चित्र अनुसार कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू मध्यिका औसतलाई प्रतिशतमा लैजाँदा क्रमश: व्याख्यान विधिको प्रयोग २८.३० प्रतिशत, छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग २५.६३ प्रतिशत, तुलना विधिको प्रयोग १६.५० प्रतिशत, समीक्षा विधिको प्रयोग १५.५ प्रतिशत, प्रतिवेदन प्रस्तुति विधिको प्रयोग १५.२० प्रतिशत पठनबोध विधिको प्रयोग २७.८० प्रतिशत र लेख प्रस्तुतीकरण विधिको प्रयोग १२.४० प्रतिशत रहेको पाइयो ।

यस विधिहरूमध्ये सबैभन्दा बढी व्याख्यान विधिको प्रयोग रहेको पाइयो भने दोस्रोमा

पठनबोध विधि र तेस्रोमा छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग गरिएको पाइयो । अन्य विधिहरूलाई अध्ययन गर्दा क्रमशः तुलना विधि, प्रतिवेदन प्रस्तुति, समीक्षा विधि र लेख प्रस्तुतीकरण विधिको प्रयोग गरिएको पाइयो ।

### ४.२.१ कक्षा अवलोकन क्रममा प्रयोग गरिएका विधिहरू

कक्षा अवलोकन गर्दा कक्षामा शिक्षकले कक्षा शिक्षणका क्रममा प्रयोग गरिएका विधिहरूलाई प्रतिशतमा तालिकामार्फत तल प्रस्तुत गरिएको छ :

**तालिका २**

**कक्षा अवलोकनमा प्रयोग गरिएका विधिहरू**

| क.सं. | विधिहरू | नतिजा (प्रतिशतमा) |
|---|---|---|
| १ | व्याख्यान | २८.२० |
| २ | पठनबोध | २७.८० |
| ३ | छलफल/प्रश्नोत्तर | २५.६३ |

स्रोत : कक्षा अवलोकन फाराम

उल्लिखित तालिका अनुसार कथा शिक्षणको कक्षा अवलोकन क्रममा व्याख्यान विधि, पठनबोध विधि र छलफल तथा प्रश्नोत्तर विधिको मात्र प्रयोग गरिएको पाइयो । व्याख्यान विधिको प्रयोग अन्य दुई तुलनामा अधिक मात्रामा अर्थात् २८.३० प्रतिशत प्रयोग गरिएको पाइयो भने अन्य दुई विधिको प्रयोग पठनबोध विधि २७.८० प्रतिशत र छलफल तथा प्रश्नोत्तर विधि २५.६३ प्रतिशत रहेको पाइयो । उल्लिखित विधिहरूको प्राप्ताङ्क १५.५ प्रतिशत भन्दा बढी रहेकोले उक्त विधिहरू प्रयोग गरिएका विधिहरू मानिएको छ ।

कक्षा अवलोकन गर्दा अनिर्णित (निर्णय गर्न नसकिएका) विधिहरू तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ३**

**कक्षा अवलोकनमा अनिर्णित विधि**

| क.सं. | विधिहरू | नतिजा (प्रतिशतमा) |
|---|---|---|
| १ | तुलना | १७.५० |

स्रोत : कक्षा अवलोकन फाराम

माथिका तालिकालाई विश्लेषण गर्दा अनिर्णित विधि जुन प्रयोग गरे जस्तो पनि नगरे पनि देखिने विधिका रूपमा तुलना विधि मात्र रहेको छ जसको नतिजा १७.५० प्रतिशत रहेको छ। १६.५ प्रतिशत देखि १८.५ प्रतिशत अनिर्णित विधिका रूपमा लिँदा तुलना विधि अनिर्णित विधिका रूपमा रहेको पाइयो ।

**तालिका ४**

**कक्षा अवलोकनमा प्रयोग नगरिएका विधिहरू**


| क.स. | विधिहरू | नतिजा (प्रतिशतमा) |
|---|---|---|
| १ | समीक्षा | १५.५ |
| २ | लेख प्रस्तुतीकरण | १२.४० |
| ३ | प्रतिवेदन प्रस्तुति | १५.१० |

स्रोत : कक्षा अवलोकन फाराम

उल्लिखित तालिका अनुसार कक्षा अवलोकन गर्दा कक्षा शिक्षणको प्रत्यक्ष अवलोकनका क्रममा ३ वटा विधिहरू (समीक्षा, लेख प्रस्तुतीकरण र प्रतिवेदन प्रस्तुति) को प्रयोग नगरिएको पाइयो जुन विधिहरूको नतिजा प्रतिशतमा हेर्दा समीक्षा विधि १५.५ प्रतिशत, लेख प्रस्तुतीकरण विधि १२.४० प्रतिशत र प्रतिवेदन प्रस्तुति विधिमा १५.१० प्रतिशत रहेको छ। औसत १८.१० भन्दा कम रहेकोले उक्त विधिलाई प्रयोग नगरिएका विधिका रूपमा लिइएको छ।

**वृत्त चित्र १**

**कक्षा अवलोकनमा प्रयोग गरिएका अनिर्णित र प्रयोग नगरिएका विधिहरू**




स्रोत : कक्षा अवलोकन फाराम

माथिका तालिका वृत्तचित्रलाई व्याख्या विश्लेषण गर्दा व्याख्यान विधि, छलफल तथा प्रश्नोत्तर विधि र पठनबोध विधिको मात्र कक्षा अवलोकनका क्रममा प्रयोग गरिएको पाइयो ।

उक्त विधिहरूको नतिजालाई डिग्रीमा रूपान्तरण गरी अध्ययन गर्दा अन्य विधि भन्दा

व्याख्यान विधिको बढी प्रयोग पाइयो जसको नतिजा १०१.८८ डिग्री, पठनबोधविधिको प्रयोग १०० र डिग्री र छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग ९२.२७ डिग्री पाइयो । तुलना विधिको प्रयोग ६३ डिग्री रहेको पाइयो , यसलाई अनिर्णित विधिका रूपमा लिइएको छ ।

अन्य समीक्षा विधि, प्रतिवेदन प्रस्तुति विधि र लेख प्रस्तुतीकरण विधिलाई प्रयोग नगरिएको पाइएन , जसको नतिजा क्रमशः ५५.८ डिग्री र ४४.७४ डिग्री रहेको पाइयो ।

### ४.३ कक्षा अवलोकनका क्रममा सरकारी विद्यालयको नतिजा

कथा शिक्षणका क्रममा प्रयोग गरिएका विधिहरूको कक्षा अवलोकनका लागि मोरङ जिल्लाका बेलबारी नगरपालिका ४ वटा सरकारी विद्यालयलाई समावेश गरियो । उक्तविद्यालयहरूको नतिजालाई तालिकामार्फत तल उल्लेख गरिएको छ :

## तालिका ५

## कक्षा अवलोकनका क्रममा सरकारी विधालयको नतिजा

| क्र.सं. | कथा शिक्षण विधिहरू | नतिजा | | | | |
|---|---|---|---|---|---|---|
| | | निम्न | मध्यम उत्तम | उत्तम | अत्युत्तम | औसत |
| १ | व्याख्यान | - | - | २ | २ | ३.५ |
| २ | छलफल/प्रश्नोत्तर | - | २ | २ | - | २.७० |
| ३ | तुलना | २ | १ | १ | - | १.७५ |
| ४ | समीक्षा | २ | १ | १ | - | १.७५ |
| ५. | प्रतिवेदन प्रस्तुति | ३ | १ | - | - | १.१५ |
| ६ | पठनबोध | - | १ | २ | १ | ३.०० |
| ७ | लेख प्रस्तुतीकरण | १ | २ | १ | - | १.५० |

स्रोत : सरकारी विद्यालयको कक्षा अवलोकन फाराम


माथिका तालिका अनुसार ४ वटा सरकारी विद्यालयको कक्षा अवलोकन गर्दा कक्षा शिक्षणका क्रममा सबैभन्दा बढी व्याख्यान विधिको प्रयोग गरिएको पाइयो, जसको मध्यिका ३.५ रहेको छ। दोस्रो विधिको रूपमा पठनबोध विधि प्रयोग गरिएको पाइयो जसको मध्यिका औसत ३.०० रहेको छ। तेस्रो विधिको रूपमा छलफल तथा प्रश्नोत्तर विधि प्रयोग गरिएको पाइयो जसको मध्यिका औसत २.७० रहेको छ।

तुलना विधि र समीक्षा विधिको समान प्रयोग गरिएको पाइयो दुवैको मध्यिका औसत १.७५ रहेको छ। प्रतिवेदन प्रस्तुतिको मध्यिका औसत १.१५ रहेको पाइयो भने लेख प्रस्तुतीकरणको मध्यिका औसत १.५०मात्र रहेको पाइयो।

उल्लिखित विधिहरूको कक्षा अवलोकनका क्रममा प्राप्त नतिजालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र २**

**सरकारी विद्यालयको नतिजा**




स्रोत : सरकारी विद्यालयको कक्षा अवलोकन फाराम

सरकारी विद्यालयको कक्षा शिक्षणमा सर्वाधिक प्रयोग गरिएको विधि व्याख्यान देखियो । औसत प्रतिशत २३.९४ रहेको पाइयो । पठनबोध विधिको प्रयोग २२.५० प्रतिशत र अन्य क्रमशः छलफल तथा प्रश्नोत्तर २०.०१ प्रतिशत, तुलना विधि १७.२० प्रतिशत, समीक्षा विधि १३.५ प्रतिशत, लेख प्रस्तुतीकरण १०.१५ प्रतिशत र प्रतिवेदन प्रस्तुति ८.१० रहेको पाइयो ।

### ४.३.१ कक्षा अवलोकनमा सरकारी विद्यालयमा प्रयोग गरिएका विधिहरू

**तालिका ६**

**कक्षा अवलोकनमा सरकारी विद्यालयमा प्रयोग गरिएका विधिहरू**

| क्र.सं. | विधिहरू | नतिजा |
|---|---|---|
| १ | व्याख्यान | २३.९४ |
| २ | छलफलर प्रश्नोत्तर | २०.०१ |
| ३ | पठनबोध | २२.५० |
| ४ | समीक्षा | १३.५ |

स्रोत : सरकारी विद्यालयको कक्षा अवलोकन फाराम

माथि प्रस्तुत तालिकालाई हेर्दा सबैभन्दा बढी व्याख्यान विधिको प्रयोग गरेको पाइयो । त्यसपछि दोस्रो प्रयोगका पठनबोध विधि तेस्रो छलफल/प्रश्नोत्तर विधिको प्रयोग गरिएको पाइयो ।

व्याख्यान विधि प्रयोग २३.९४ प्रतिशत, पठनबोध विधि प्रयोग २२.५० प्रतिशत र छलफल/प्रश्नोत्तर विधिको प्रयोग २०.०१ र समीक्षा विधिको प्रयोग १३.५ गरिएको पाइयो ।

मूल रूपमा सरकारी विद्यालयले माथि उल्लिखित ४ वटा विधिहरू मात्र प्रयोग गरी कथा शिक्षण गरिएको माथिका तालिका अनुसार पाइयो ।

### ४.३.२ कक्षा अवलोकनमा सरकारी विद्यालयमा प्रयोग नगरिएका विधिहरू

कक्षा अवलोकनका क्रममा सरकारी विद्यालयमा कक्षा शिक्षण गर्दा प्रयोग नगरिएका

विधिहरूको तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका७**

**कक्षा अवलोकनमा सरकारी विद्यालयमा प्रयोग नगरिएका विधिहरू**


| क.स. | विधिहरू | नतिजा |
|---|---|---|
| १ | तुलना | १७.२० |
| २ | लेख प्रस्तुतीकरण | १०.५ |
| ३ | प्रतिवेदन प्रस्तुति | ८.१० |

स्रोत : सरकारी विद्यालयको कक्षा अवलोकन फारम

माथि उल्लिखित तालिकालाई हेर्दा सरकारी विद्यालयको कक्षा शिक्षणलाई कक्षा अवलोकन गर्ने क्रममा उक्त विद्यालयहरूले ३ वटा विधिहरू तुलना, लेख प्रस्तुतीकरण र प्रतिवेदन प्रस्तुति विधिको प्रयोग नगरिएको पाइयो ।

**वृत्त चित्र न.. २**

**सरकारी विद्यालयमा प्रयोग गरिएका र प्रयोग नगरिएका विधिहरू**



सरकारी विद्यालयको कथा शिक्षणलाई प्रत्यक्ष कक्षा अवलोकन गर्दा ४ वटा विधिहरू क्रमशः व्याख्यान विधि, छलफल तथा प्रश्नोत्तर विधि, पठनबोथ विधि र समीक्षा विधि प्रयोग गरिएको पाइयो । भने अन्य ३ वटा विधिहरू क्रमशः तुलना विधि, प्रतिवेदन प्रस्तुति विधि र लेख प्रस्तुतीकरण विधिहरूको प्रयोग गरिएको पाइयो ।

कथा शिक्षण गर्दा ४ वटा विधिहरूमध्ये व्याख्यान विधि अन्य ३ वटा विधिहरूको तुलनामा सवैभन्दा बढी प्रयोग गरिएको पाइयो । जसको नतिजा ८६.१८ डिग्री रहेको छ, दोस्रोमा विधिका रूपमा पठनबोध विधि ८१ डिग्री, तेस्रो विधिका रूपमा छलफल तथा प्रश्नोत्तर विधि ७२.०३ डिग्री र समीक्षा विधि ४१.३२ डिग्री गरिएको पाइयो ।


कक्षा अवलोकन क्रममा सरकारी विद्यालयले प्रयोग नगरिएका विधिहरू तुलना विधि प्रतिवेदन प्रस्तुति विधि र लेख प्रस्तुतीकरण विधि हुन र क्रमशः ६१.९२, २९.१६ र ३६.५४ डिग्री रहेको पाइयो ।

## ४.४ कक्षा अवलोकनका क्रममा निजी विद्यालयको नतिजा

कक्षा शिक्षण विधिहरूको सन्दर्भमा कक्षा अवलोकन गर्ने क्रममा मोरङ जिल्लाका बेलबारी नगरपालिकामा अवस्थित ४ वटा निजी विद्यालयलाई समावेश गरियो । उक्त निजी विद्यालयहरूको नतिजालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा तल प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र : ३**

**निजीविद्यालयको नतिजा**




स्रोत : निजी विद्यालयको कक्षा अवलोकन फाराम

माथिका स्तम्भ चित्रलाई विश्लेषण गर्दा निजी विद्यालयहरूले कक्षा शिक्षणका विधिहरूमध्ये २ वटा विधिहरू : व्याख्यान र पठनवोध विधिको प्रयोग समान रूपमा गरिएको पाइयो । उक्त २ वटै विधिहरूको नतिजा एउटै अर्थात् २६.५ प्रतिशत रहेको छ । त्यसपछि अन्य विधिहरू क्रमशः छलफल तथा प्रश्नोत्तर विधि २५.७५ प्रतिशत, तुलना विधि २२.१० प्रतिशत, समीक्षा विधि १५.५० प्रतिशत रहेको पाइयो भने प्रतिवेदन प्रस्तुति विधि र लेख प्रस्तुतीकरण विधिको भने समान रूपमा गरिएको पाइयो दुवैको नतिजा १४.५ प्रतिशत रहेको छ ।

यसरी हेर्दा व्याख्यान विधि र पठनवोध विधिको अधिक प्रयोग गरेको देखिन्छ भने छलफल तथा प्रश्नोत्तर विधि, समीक्षा विधि र तुलना विधि मध्यम रहेको पाइयो । प्रतिवेदन प्रस्तुति विधि र लेख प्रस्ततीकरण विधिको सवैभन्दा कम मात्रा भएको देखिन्छ ।

### ४.४.१ कक्षा अवलोकनका क्रममा निजी विद्यालयमा प्रयोग गरिएका विधिहरू

निजीविद्यालयले प्रयोग गरिएका विधिहरू र उक्त विधिहरूको विवरण नतिजा तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका ८**

**निजीविद्यालयमा प्रयोग गरिएका विधिहरू**

| क्र.स. | विधिहरू | नतिजा (प्रतिशतमा) |
|---|---|---|
| १ | व्याख्यान विधि | २६.५ |
| २ | छलफल/प्रश्नोत्तर विधि | २५.७५ |
| ३ | पठनबोध विधि | २६.५ |
| ४ | तुलना विधि | १७.९५ |
| ५ | समीक्षा विधि | १५.५० |

स्रोत : निजी विद्यालयको कक्षा अवलोकन फाराम

यसरी निजी विद्यालयले कक्षा शिक्षण गर्ने क्रममा व्याख्यान विधि, पठनवोध विधि, छलफल प्रश्नोत्तर विधि, तुलना विधि र समीक्षा विधिहरूको मात्र प्रयोग गरिएको छ। व्याख्यान विधि र पठनबोध विधिको प्रयोग समान रूपमा गरिएको पाइयो अर्थात् २६.५ प्रतिशत गरिएको छ। छलफल तथा प्रश्नोत्तर विधिको २५.७५ तुलना विधिको २२.१० र समीक्षा १९.५ प्रतिशत प्रयोग गरिएको पाइयो।

### ४.४.२ कक्षा अवलोकनका क्रममा निजी विद्यालयमा प्रयोग नगरिएका विधिहरू

तालिका ९ निजी विद्यालयमा प्रयोग नगरिएका विधिहरू

| क्र.सं. | विधिहरू | नतिजा |
|---|---|---|
| १ | प्रतिवेदन प्रस्तुति | १४.५ |
| २ | लेख प्रस्तुतीकरण | १४.५ |

स्रोत : निजी विद्यालयको कक्षा अवलोकन फाराम


माथिका तालिका अनुसार कक्षा अवलोकन क्रममा निजी विद्यालयले कक्षा शिक्षण गर्दा प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुतीकरण विधि गरी २ वटा विधिको प्रयोग नगरेको पाइयो ।

२ वटा समान नतिजा रहेको छ दुवैको नतिजा १४.५ प्रतिशत रहेको छ । उक्त विधिहरूको नतिजा १६.५ प्रतिशत भन्दा कम रहेकोले यहाँ प्रयोग नगरिएको विधिहरूका रूपमा लिइएको छ ।

कक्षा अवलोकन गर्दा निजी विद्यालयले कथा शिक्षणमा प्रयोग गरेका र प्रयोग नगरेका विधिहरूलाई डिग्रीमा रूपान्तरण गरी वृत्तचित्रमार्फत तल देखाइएको छ :

## वृत्तचित्र ३

## निजीविद्यालयमा प्रयोग गरिएका र नगरिएका विधिहरू




माथिका वृत्रचित्र अनुसार निजी विद्यालयले कक्षा शिक्षण गर्दा व्याख्यान विधि, छलफल तथा प्रश्नोत्तर विधि, पठनवोध विधि, तुलना विधि र समीक्षा विधि गरी ५ वटा विधिहरूमात्र प्रयोगमा ल्याएको छ । जुन विधिहरूको प्राप्ताङ्कलाई अध्ययन गर्दा व्याख्यान विधि र पठनवोध विधि गरी २वटा समान नतिजा ९५.४ डिग्री पाइयो छलफल तथा प्रश्नोत्तर विधि ९२.७ डिग्री, तुलना विधि ६४.६२ डिग्री र समीक्षा विधि ७०.२ डिग्री प्रयोग गरिएको पाइयो भने अन्य २ वटा विधिहरू लेख प्रस्तुतीकरण विधि र प्रतिवेदन विधि प्रयोग नगरिएका पाइयो । यस विधिहरूको प्राप्ताङ्क समान अर्थात् ५८.५ डिग्री  र ५८.५ डिग्री रहेको देखिन्छ ।

## ४.५ कक्षा शिक्षण विधिहरूका सन्दर्भमा सरकारी र निजी विद्यालयको तुलना

कक्षा अवलोकनका क्रममा सरकारी विद्यालय र निजी विद्यालयले कथा शिक्षण क्रममा प्रयोग गरिएका विधिहरू कुन कुन हुन उक्त विधिहरूलाई प्रतिशतमा रूपान्तरण गरी बहुस्तम्भ चित्रमार्फत तल प्रस्तुत गरिएको छ :

**बहुस्तम्भ चित्र १**

**सरकारी र निजी विद्यालयमा प्रयोग गरिएका र नगरिएका विधिहरूको तुलना**



बहुस्तम्भ चित्रको तथ्याङ्कबाट के देखिन्छ भने कक्षा अवलोकनमा सरकारी विद्यालयले कक्षा शिक्षण गर्दा ३ वटा विधिहरू क्रमशः व्याख्यान, पठनबोध, छलफल तथा प्रश्नोत्तर र समीक्षा विधिको प्रयोग गरेका छन् जुन विधिहरूको नतिजा क्रमश २३.९४ प्रतिशत, २२.५० प्रतिशत २०.१ प्रतिशत रहेका छन् । निजी विद्यलायले उल्लिखित ३वटा विधिहरू सहित तुलना विधिको पनि प्रयोग गरेको पाइयो जुन विधिहरूमा व्याख्यान, पठनबोध विधिको प्रयोग १९.५ प्रतिशत गरिएको छ ।

कथा शिक्षणका विधिहरूमा १८.५ प्रतिशतभन्दा कम नतिजा भएकोलाई प्रयोग नगरिएका विधिका रूपमा लिइँदा सरकारी विद्यालयमा क्रमशः तुलना, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुतीकरण विधि गरी ३ वटा विधिहरूको प्रयोग नगरेको पाइयो जुन विधिहरूको नतिजा क्रमशः १२.५०, १०.४ र ८.१० रहेको छ निजी विद्यालयले प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुतीकरण गरी २ वटा विधिहरू कथा शिक्षणमा प्रयोग नगरेको पाइयो जसको नतिजा क्रमशः १६.२५ प्रतिशत र १६.२५ प्रतिशत रहेको छ ।

## ४.६ शिक्षक प्रश्नावली फारामको नतिजा

कक्षा दश को शिक्षणसँग सम्बन्धित प्रश्नावली फारामको निर्माण गरी ४ जना नेपाली भाषाका शिक्षकहरूको विचार सङ्कल गरिएको छ । शिक्षक प्रश्नावली फाराममा विषयगत र वस्तुगत दुवै खाले प्रश्नहरू समावेश गरी गरिएको छ ।

### क) शिक्षकलाई सोधिएको वस्तुगत प्रश्नावली फारामको नजिता

शिक्षकका लागि सोधिएको वस्तुगत प्रश्नावली फाराममा कथा शिक्षणसँग सम्बन्धित १० वटा प्रश्नहरू समावेश गरिएका छन् जुन प्रश्नका लागि ४ वटा विकल्पहरू राखिएका छन् । उक्त वस्तुगत प्रश्नावली नतिजालाई तालिकामार्फत प्रस्तुत गरिएको छ ।

## तालिका १०

## शिक्षकलाई सोधिएको वस्तुगत प्रश्नावलीको नतिजा

| विकल्प | प्रश्नहरू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| ख | | | १ | | १ | २ | १ | | २ | १ |
| ग | | २ | | | | १ | ३ | | २ | २ |
| घ | २ | | १ | ३ | | | १ | | १ | १ |
| प्रतिशत | | | | | | | | | | |
| क | ४० | ६० | ६० | ४० | ४० | ४० | | | | २० |
| ख | | | ४० | ४० | ६० | २० | २० | १०० | ४० | ४० |
| ग | | ४० | | | | ४० | ६० | | ४० | २० |
| घ | ६० | | | ६० | | | २० | | २० | २० |

स्रोत :शिक्षक प्रश्नावली फाराम

उल्लिखित तथ्याङ्कलाई अध्ययन गर्दा के देखिन्छ भने प्रश्न १ मा कथा शिक्षण गर्दा पाठयोजनाको निर्माण गर्नुहुन्छ ? भन्ने प्रश्न अन्तर्गत राखिएका विकल्पहरूमध्ये ४ वटामा 'घ' अर्थात् कहिलेकाही गरिन्छ र २ वटा मा 'ख' अर्थात् सधै गरिन्छ । जसलाई प्रतिशतमा रूपान्तरण गर्दा क्रमशः ६० प्रतिशत र ४० प्रतिशत हुन जान्छ ।

प्रश्न २ मा कथा शिक्षाण कुन उद्देश्यका लागि आवश्यक ठान्नुहुन्छ ? भन्ने प्रश्न अन्तर्गतका ४ वटा विकल्पहरूमध्ये 'क' अर्थात् भाषिक सीप विकास गरिन्छ मा ३ 'ग' र साहित्यिक रसास्वादन पाइयो जसलाई प्रतिशतमा लैजाँदा क्रमशः ६० प्रतिशत र ४० प्रतिशत हुन जान्छ । प्रश्न ३मा कथा शिक्षणमा कुन विधिको बढी प्रयोग गर्नु हुन्छ ? भन्ने प्रश्नअन्तर्गत ४ वटा विकल्पहरू मध्ये 'ख' अर्थात् छलफल तथा प्रश्नोतर र व्याख्यानमा ३ वा ४० प्रतिशत र 'क' व्याख्यान अर्थात् पठनबोध ६० प्रतिशत नतिजा पाइयो ।

प्रश्न ४ मा उक्त शिक्षण विधिहरू नै किन प्रयोग गर्नु हुन्छ ? भन्ने अन्तर्गत समाष्टि ४ वटा विकल्पहरूमध्ये 'घ' कथा शिक्षणलाई कक्षाको स्तर अनुरूप बनाउनमा २ र 'क' अर्थात्विद्यार्थीको कथनात्मक विकास गर्नमा ३ नतिजा पाइयो जसलाई प्रतिशतमा लैजादाँ ४० प्रतिशत र ६० प्रतिशत पाइयो  भने प्रश्न ५ मा कथा शिक्षण गर्दा कस्ता कस्ता सामग्रीको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्न अन्तर्गत राखिएका ४ विकल्पहरूमध्ये 'ख' पाठ्यपुस्तक र कालोपाटीमा ३ र 'क' अर्थात् पाठ्यपुस्तक र सन्दर्भ सामग्री  २ नतिजा पाइयो जसलाई प्रतिशतमा क्रमशः ६० प्रतिशत र ४० प्रतिशत हुन जान्छ ।

प्रश्न ६ मा कथा शिक्षण गर्दा कक्षामा छलफल तथा प्रश्नोत्तर कतिको गराउनु हुन्छ ? भन्ने प्रश्नअन्तर्गत समाविष्ट ४ वटा विकल्पहरूमध्ये 'क' सधैं गराइन्छमा २ वा ४० प्रतिशत 'ख' अर्थात् कहिलेकाहीँ गराइन्छमा १ वा २० प्रतिशत 'ग' अर्थात् प्रायः गराइन्छमा २ वा ४० प्रतिशत नतिजा पाइयो प्रश्न ७ मा कथा शिक्षण गर्दा समीक्षा विधिको प्रयोग कतिको गर्नु हुन्छ ? भन्ने प्रश्नअन्तर्गत समाविष्ट ४ वटा विकल्पहरूमध्ये 'ख' अर्थात् प्राय : गरिन्छमा १ वा २० प्रतिशत, ग अर्थात् कहिलेकाहीँ गरिन्छमा ३ वा ६० प्रतिशत र घ अर्थात् कहिल्यै गरिन्दैनमा १ वा २० प्रतिशत नतिजा पाइयो । प्रश्न ८ मा विद्यार्थीलाई कथाको सारांश भन्न लगाउनुहुन्छ ? भन्ने प्रश्नअन्तर्गत समाविष्ट ४ वटा विकल्पहरूमध्ये ४ वटैमा 'ख' अर्थात् सधैं लगाइन्छ भन्ने पाइयो जसलाई प्रतिशतमा रूपान्तरण गर्दा १०० प्रतिशत हुन जान्छ । प्रश्न ९ मा कक्षा शिक्षणका क्रममा लेख प्रस्तुतीकरण विधिको प्रयोग कतिको गर्नुहुन्छ ? भन्ने प्रश्नमा राखिएका ४ वटा विकल्पहरूमध्ये २ वटामा ख प्राय गरिन्छ, १ वटामाअर्थात् कहिलेकाही गरिन्छ र २ वटामा घ कहिले गरिदैन नतिजा पाइयो ।

त्यसैगरी प्रश्न १० मा कक्षा १०मा कथा शिक्षणको क्रममा समीक्षा विधिको प्रयोग गर्नु कतिको उपयुक्त हुन्छ ? भन्ने प्रश्न अन्तर्गत समावेश गरिएका ४ वटा विकल्पहरू मध्ये


१ वटामा क अर्थात् अति उपयुक्त हुन्छ, २ वटा 'ख' अर्थात् उपयुक्त हुन्छ, १ वटा 'ग' अर्थात् कम उपयुक्त हुन्छ र १ वटा ६ अर्थात् उपयुक्त हुँदैन भन्ने नतिजा प्राप्त भयो जसलाई प्रतिशतमा रूपान्तरण गर्दा क्रमशः २० प्रतिशत ४० प्रतिशत २० प्रतिशत र २० प्रतिशत पाइयो ।

**ख) शिक्षकलाई सोधिएको विषयगत प्रश्नावली फारामको नतिजा**

शिक्षकका लागि प्रयोग गरिएको विषयगत प्रश्नावली फाराममा कथा शिक्षण सम्बन्धित जम्मा ७वटा विधिहरू समावेश गरिएका छन् उक्त प्रश्नावली फाराम अनुसार कथा शिक्षणका क्रममा शिक्षकले प्रयोग गरेका विधिहरू तल स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र ४**

**शिक्षकका लागि सोधिएका विषयगत प्रश्नावली फारामको नतिजा**




स्रोत : शिक्षक अवलोकन फाराम

शिक्षकलाई सोधिएको विषयगतप्रश्नावलीको नतिजा अनुसार कथा शिक्षण गर्दा शिक्षकहरूले अन्य विधिको तुलनामा सबैभन्दा बढी व्याख्यान विधिको प्रयोग गरेको पाइयो जसको नतिजा २२.५० प्रतिशत रहेको छ । छलफल तथा प्रश्नोत्तर विधिको नतिजा १९.५ प्रतिशत पठनबोध विधिको २१.१० प्रतिशत र तुलना विधिको र लेख प्रस्तुतीकरण विधिको प्रयोग समान रूपमा (८.१० प्रतिशत) पाइयो तर प्रतिवेदन प्रस्तुति चाहिँ प्रयोग नगरिएको पाइयो ।

समग्रमा कथा शिक्षणमा शिक्षकहरूले ६ वटा विधिहरूमध्ये व्याख्यान विधिको प्रयोग अत्यधिक गरिएको देखियो ।

### ४.६.१ शिक्षक प्रश्नावली फाराममा प्रयोग गरिएका विधिहरू

शिक्षक प्रश्नावली फाराममा प्रयोग गरिएका विधिहरू तालिकामार्फत प्रस्तुत गरिएको छ :

**तालिका ११**

**शिक्षक प्रश्नावली फाराममा प्रयोग गरिएका विधिहरू**

| क्र.स. | विधिहरू | नतिजा |
|---|---|---|
| १ | व्याख्यान | २२.५० |
| २ | छलफल तथा प्रश्नोत्तर | १९.५ |
| ३ | पठनबोध | २१.१० |

स्रोत : शिक्षक प्रश्नावली फाराम

शिक्षक प्रश्नावली फाराम मार्फत प्राप्त नतिजा अनुसार कथा शिक्षण गर्दा शिक्षकहरूले ३ वटा विधिको मात्र प्रयोग गर्ने गर्छन् । उक्त ३ वटा विधिहरू व्याख्यान, छलफल तथा प्रश्नोत्तर र पठनबोध विधि रहेका छन् भने व्याख्यान विधि सबैभन्दा बढी प्रयोग भएको देखियो । छलफल तथा प्रश्नोत्तर विधि र पठनबोध विधिलाई समान रूपमा गर्ने गरेको पाइयो ।

उक्त विधिहरूको नतिजालाई हेर्दा व्याख्यान विधिको प्रयोग २२.५० प्रतिशत, पठनबोध विधिको प्रयोग २१.१० प्रतिशत र छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग १९.५ प्रतिशत गरिएको पाइयो ।

### ४.६.२ शिक्षक प्रश्नावली फाराममा अनिर्णित विधि

कथा शिक्षणका गर्दा प्रयोग गरेजस्तो पनि नगरेजस्तो  विधिको नतिजालाई तल तालिकामा देखाइएको छ :

**तालिका १२**

**शिक्षक प्रश्नावली फाराममा अनिर्णित विधि**

| क.स. | विधिहरू | नतिजा |
|---|---|---|
| १ | तुलना विधि | १६.५० |

स्रोत : शिक्षक प्रश्नावली फाराम

माथिका तालिका अनुसार शिक्षक प्रश्नावली फाराममा प्रयोग हो वा होइन भनी छुट्ट्याउन नसकिने विधिका रूपमा तुलना विधि पाइयो । यसको प्रयोग भने १६.५ प्रतिशत देखि १८.५ प्रतिशतसम्मलाई अनिर्णित विधिका रूपमा लिइँदा तुलना विधि निश्चित मापदण्डको बीच रहेको हुँदा यस विधिलाई अनिर्णित विधिका रूपमा लिइदा तुलना विधि निश्चित मापदण्डको बीच रहेको हुँदा यस विधिलाई अनिर्णित विधिका रूपमा लिएको छ ।

### ४.६.३ शिक्षक प्रश्नावली फाराममा प्रयोग नगरिएका विधि

शिक्षक प्रश्नावली फारामबाट सङ्कलित तथ्याङ्कको समग्र नतिजा अनुसार प्रयोग नगरेका विधिहरूको विवरण तल तालिका देखाइएको छ :

**तालिका १३**

**शिक्षक प्रश्नावली फाराममा प्रयोग नगरिएका विधि**


| क्र.स. | विधिहरू | नतिजा | कै |
|---|---|---|---|
| १ | लेख प्रस्तुतीकरण | ८.१० | |
| २ | प्रतिवेदन प्रस्तुति | ८.१० | |

स्रोत : शिक्षक प्रश्नावली फाराम

शिक्षकले कथा शिक्षणका क्रममा ३ वटा विधिहरू प्रयोग नगरेको पाइयो । जस अनुसार लेख प्रस्तुतीकरण, समीक्षा प्रतिवेदन प्रस्तुतीकरणको प्रयोग नगरिएको पाइयो जुन विधिहरूको प्रतिशतलाई हेर्दा समीक्षा र लेख प्रस्तुतीकरण विधिको समान नतिजा ८.१० प्रतिशत पाइयो भने प्रतिवेदन प्रस्तुति विधिको नतिजा देखिएन ।

**वृत्तचित्र ४**

**शिक्षक प्रश्नावलीमा प्रयोग गरिएका अनिर्णित तथा प्रयोग नगरिएका विधिहरू**



माथिका वृत्तचित्रलाई विश्लेषण गर्दा शिक्षक प्रश्नावली फारामको प्राप्ताङ्क अनुसार शिक्षकले कथा शिक्षण गर्दा व्याख्यान विधि, छलफल तथा प्रश्नोत्तर विधि र पठनबोध विधिलाई प्रयोग गरेको देखिन्छ। जुन विधिहरूको नतिजालाई डिग्रीमा रूपान्तरण गर्दा व्याख्यान ८१ डिग्री पठनबोध ७५.९६ र छलफल तथा प्रश्नोत्तर ७०.२ डिग्री पाइयो। अनिर्णित विधि रूपमा रहेका तुलना विधि ५९.४ डिग्री पाइयो भने शिक्षकले प्रयोग नगरेका विधिहरू लेख प्रस्तुतीकरण, समीक्षा र प्रतिवेदन प्रस्तुति विधिहरूमा समीक्षा विधि र लेख प्रस्तुतीकरणको समान नतिजा २९.१६ र २९.१६ डिग्री पाइयो भने प्रतिवेदन प्रस्तुति विधिको कुनै नतिजा पाइएन।


## ४.७ कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामको तुलना

प्रस्तुत शोधकार्यमा कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फारामजस्ता तथ्याङ्क सङ्कलित तथ्याङ्कका आधारमा प्राप्त नतिजालाई प्रतिशतमा रूपान्तरण गरी कथा शिक्षणका विधिहरूको सन्दर्भमा कक्षा अवालोकन फाराम र शिक्षक प्रश्नावली फारामको तुलना गरिएको छ।

उक्त तुलनालाई बहुस्तम्भ चित्रमार्फत तल प्रस्तुत गरिएको छ।

**बहुस्तम्भ चित्र : २**

**कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामको तुलना**




माथिका बहुस्तम्भ चित्रको तथ्याङ्कबाट के स्पष्ट हुन्छ  भने कथा शिक्षण क्रममा कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फाराम जस्ता उपकरणबाट प्राप्त नतिजालाई हेर्दा व्याख्यान, छलफल तथा प्रश्नोत्तर, तुलना, समीक्षा प्रतिवेदन प्रस्तुति, पठनबोध र लेख प्रस्तुतीकरण गरी ७ वटा विधिहरूमध्ये सबैभन्दा वढी व्याख्यान विधिको प्रयोग २२.५ प्रतिशत गरिएको छ भने शिक्षक प्रश्नावली फाराममा पनि व्याख्यान विधि कै बढी प्रयोग २६.१० प्रतिशत गरिएको छ ।

दोस्रो विधिका रूपमा कक्षा अवलोकन फाराम पठनबोध विधि २१.५ प्रतिशत छ भने शिक्षक प्रश्नावली फाराम २३.५ प्रतिशत प्रयोग गरिएको देखिन्छ ।

तेस्रो विधिका रूपमा कक्षा अवलोकन फाराममा छलफल तथा प्रश्नोत्तर विधि २०.५ प्रतिशत छ भने शिक्षक प्रश्नावलीमा फाराममा २२.५ प्रतिशत प्रयोग गरिएको छ ।

चौथो विधिका रूपमा कक्षा अवलोकन फाराम तुलना विधि छ भने शिक्षक प्रश्नावली फाराम तुलना विधि १७.५० प्रतिशत प्रयोग गरिएको पाइयो ।

कक्षा अवलोकन फाराममा अन्य विधिहरूको प्रयोगलाई अध्ययन गर्दा समीक्षा विधि १४.५० प्रतिशत, प्रतिवेदन प्रस्तुति विधि १२.५० प्रतिशत र लेख प्रस्तुतीकरण १३.५ प्रतिशत पाइयो भने शिक्षक प्रश्नावली फाराममा समिक्षा विधि १३.५० प्रतिशत, लेख प्रस्तुतीकरण ११.५० प्रतिशत र प्रतिवेदन प्रस्तुति शून्य रहेको पाइयो ।

कक्षा शिक्षणमा प्रयोग गरिएका 'अनिर्णित' र प्रयोग नगरिएका विधिहरूका आधारमा तुलना गर्दा कक्षा अवलोकन फाराममा प्रयोग गरिएका विधिहरूक्रमशः व्याख्यान, पठनवोध र छलफल तथा प्रश्नोत्तर विधि जसको नतिजा २२.५, २१.५ र २०.५ प्रतिशतमा पाइयो भने शिक्षक प्रश्नावली फाराममा पनि उल्लिखित ३ वटा विधिहरू नै प्रयोग गरिएका पाइयो । जसको नतिजा क्रमशः २६.१० प्रतिशत, २३.५, र २१.९५ प्रतिशत पाइयो ।

उल्लिखित विधिहरूको नतिजा १६.५ प्रतिशत देखि १८.५ प्रतिशत सम्म अनिर्णित विधिका रूपमा लिइँदा कक्षा अवलोकन फाराममा १६.८५ प्रतिशत नतिजा भएको तुलना विधिलाई अनिर्णित विधिका रूपमा गरिएको पाइयो भने शिक्षक प्रश्नावली फाराममा तुलना विधि १७.५० प्रतिशत अनिर्णित विधि पाइयो ।

त्यसै गरी १६.५ प्रतिशत भन्दा कम नतिजा आएका विधिहरूलाई 'प्रयोग नगरिएका' विधिका रूपमा लिइँदा कक्षा अवलोकन फाराममा समीक्षा, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुतीकरण विधि जसको क्रमश १४.५० प्रतिशत, १२.५० प्रतिशत र १३.५ प्रतिशत पाइयो भने शिक्षक प्रश्नावली फाराममा समीक्षा विधि १३.५० प्रतिशत, प्रतिवेदन प्रस्तुति विधि (शून्य नतिजा) र लेख प्रस्तुतीकरण विधि ११.५० प्रतिशत को प्रयोग नगरिएको पाइयो ।

## ४.८ कक्षा शिक्षणका विधिहरूको प्राप्ताङ्कको औसत नतिजा

कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फारामका माध्यमबाट प्राप्त कथा शिक्षणका विधिहरूको नतिजालाई प्रतिशतमा निकालेर तालिका मार्फत तल देखाइएको छ :

**तालिका : १४**

**कथा शिक्षणका विधिहरूको नतिजा**

| क्र.सं. | विधिहरू | नतिजा |
| --- | --- | --- |
| १ | व्याख्यान | २१.४० |
| २ | छलफल तथा प्रश्नोत्तर | १९.१४ |
| ३ | तुलना | १७.१० |
| ४ | समीक्षा | ११.२९ |
| ५ | प्रतिवेदन प्रस्तुति | ८.०७ |
| ६ | पठनबोध | २०.५० |
| ७ | लेखप्रस्तुतीकरण | |

स्रोत : क अ र शि.प्रं फाराम


तालिका अनुसार समग्र स्रोतबाट(कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली) प्राप्त नतिजाहरूकै मध्यमान निकाल्दा कथा शिक्षणका विधिहरूको सबैभन्दा बढी व्याख्यान विधिको प्रयोग गरिएको पाइयो जसको २१.४० प्रतिशत रहेको छ भने दोस्रो विधिका रूपमा पठनबोध विधि २०.५० प्रतिशत रहेको छ । अन्य विधिहरूक्रमशः छलफल तथा प्रश्नोत्तर, तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, लेख प्रस्तुतीकरण विधि रहेका छन् जसको मध्यमान क्रमशः १९.१४, १२.२०, ११.२९, १०.५४ र ८.०७ प्रतिशत रहेको पाइयो ।

## ४.९ कथा शिक्षणका क्रममा प्रयोग गरिएका, अनिर्णित र प्रयोग नगरिएका विधिहरू

कक्षा शिक्षणमा कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फारामको समग्र नतिजाको आधारमा विधिहरूलाई प्रयोग गरिएका, अनिर्णित र प्रयोग नगरिएका विधिका रूपमा स्तम्भ चित्र मार्फत देखाइएको छ :

**स्तम्भ चित्रः ५**

**कथा शिक्षणमा प्रयोग गरिएका, अनिर्णित तथा प्रयोग नगरिएका विधिहरू**



माथि प्रस्तुत चित्रको तथ्याङ्कअनुसार समग्र स्रोतबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा कक्षा शिक्षणमा ३ वटा विधिहरूको मात्र प्रयोग गरिएको पाइयो । उक्त ३ विधिहरू व्याख्यान विधि २१.४० प्रतिशत, पठनबोध २०.५० प्रतिशत, छलफल तथा प्रश्नोत्तर विधि १९.१४ प्रतिशत प्रयोग गरिएको पाइयो, अन्य विधिहरूको तुलनामा व्याख्यान विधिलाई बढी प्रयोग गरिएको पाइयो । १८.५ प्रतिशत भन्दा बढी प्राप्ताङ्क भएका विधिलाई प्रयोग गरिएका विधिका रूपमा लिएका हुँदा उल्लिखित ३ वटा विधिहरू प्रयोग गरिएका विधिका रूपमा पाइयो ।

१६.५ प्रतिशत देखि १८.५ प्रतिशतसम्मलाई अनिर्णित विधिका रूपमा लिएका हुँदा कथा शिक्षणमा अनिर्णित विधिका रूपमा तुलना विधिलाई प्रस्तुत गरिएको छ । तुलना विधिको प्राप्ताङ्क १७.१० प्रतिशत रहेको छ ।

त्यसै गरी १६.५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएको विधिलाई प्रयोग नगरिएका विधिका रूपमा लिइँदा कथा शिक्षणमा लेख प्रस्तुतीकरण विधि, समीक्षा विधि र प्रतिवेदन प्रस्तुति विधिलाई ‘प्रयोग नगरिएका’ विधिक रूपमा लिएका छ । जसको प्राप्ताङ्क क्रमशः १०.५४ प्रतिशत, ११.२९ प्रतिशत र ८.०७ प्रतिशत रहेको पाइयो ।

# परिच्छेद : पाँच
# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

कथा शिक्षण गर्दा कक्षा दश मा प्रयुक्त शिक्षणहरूको अध्ययन गर्दा निम्न निष्कर्षहरू पाइयो ।

क) कक्षा अवलोकन फारमको नतिजा अनुसार कथा शिक्षणका क्रममा व्याख्यान विधिलाई बढी प्रयोग गरिएको पाइयो ।

ख) कक्षा अवलोकन क्रममा क्रमशः व्याख्यान छलफल तथा प्रश्नोत्तर र पठनबोध विधि गरी ३ वटा विधिको मात्र प्रयोग गरिएको पाइयो भने अन्य विधि तुलना र ३ वटा विधिहरूक्रमशः लेख प्रस्तुतीकरण, समीक्षा र प्रतिवेदन प्रस्तुति विधिको प्रयोग नगरिएको पाइयो ।

ग) सरकारी विद्यालयका शिक्षकहरूले कथा शिक्षण क्रममा व्याख्यान, छलफल तथा प्रश्नोत्तर, पाठबोध र समीक्षा गरी ४ वटा विधिलाई मात्र प्रयोग गरेका छन् भने निजी विद्यालयका शिक्षकहरूले उल्लिखित विधि सहित तुलना विधिको पनि प्रयोग गरेको पाइयो ।

घ) पाठबोध विधि र व्याख्यान विधिको प्रयोग मात्रा सरकारी विद्यालयको बढी रहे पनि छलफल तथा प्रश्नोत्तर विधि, तुलना विधि र समीक्षा विधिको प्रयोग भने निजी विद्यालय नै अगाडि रहेको पाइयो ।

ङ) सरकारी विद्यालय र निजी विद्यालयका शिक्षकहरूको विधिहरूको प्रयोगलाई हेर्दा सरकारी विद्यालयमा व्याख्यान विधि, पठनबोध, छलफल तथा प्रश्नोत्तर गरी ३ वटा विधिको प्रयोग गरेको र समीक्षा, लेख प्रस्तुतीकरण, प्रतिवेदन प्रस्तुति विधि गरी ३ वटा विधिहरू प्रयोग  नगरेको पाइयो भने निजी विद्यालयले सरकारी विद्यालयले भन्दा समीक्षा विधिको प्रयोग बढी गरिएको पाइयो ।

च) शिक्षक प्रश्नावली फारामको नतिजा अनुसार प्रश्नावलीमा संलग्न शिक्षकहरूले कथा शिक्षण क्रममा व्याख्यान विधि, पठनबोध विधि, छलफल तथा प्रश्नोत्तर विधि र समीक्षा विधि गरी ४ वटा विधिहरूको प्रयोग गरेको तुलना अनिर्णित र लेख प्रस्तुतीकरण विधि र प्रतिवेदन प्रस्तुति विधिलाई प्रयोग नगरेको पाइयो ।

छ) पाठको प्रस्तुतीकरण र शिक्षण प्रक्रियामा सरकारी विद्यालयका शिक्षकहरू अगाडि रहे पनि अन्य पक्षमा निजी विद्यालयका शिक्षकहरूको शिक्षण प्रक्रिया नै प्रभावकारी रहेको पाइयो ।

ज) कक्षा १० मा प्रतिवेदन प्रस्तुति विधि प्रयोग कम उपयुक्त ठान्ने निजी तथा सरकारी विद्यालयका शिक्षकहरूको सङ्ख्या बढी रहेको पाइयो ।

झ) प्राप्ताङ्क सङ्कलनकास्रोतलाई हेर्दा व्याख्यान, पठनबोध र छलफल तथा प्रश्नोत्तर विधिमा कक्षा अवलोकनको भन्दा शिक्षक प्रश्नावली फारामको नतिजा बढी पाइयो ।

ञ) समग्र स्रोतबाट प्राप्त कथा शिक्षणका विधिहरूको नतिजालाई हेर्दा कथा शिक्षण क्रममा व्याख्यान, पठनबोध र छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग गरिएको पाइयो ।

ट) तुलना विधि अनिर्णित विधि र अन्य समीक्षा, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तुतीकरण विधिको प्रयोग भने नगरिएको पाइयो ।

ठ) कथा शिक्षणमा उपयुक्त विधिहरू भए पनि कथा विधा शिक्षणको प्रयोग अनुरूप उक्त विधि पर्याप्त नभएको पाइयो ।

ड) पाठ्यक्रमले उल्लेख गरेका कथाका माध्यमबाट गराउनु पर्ने सस्वर पठन, श्रुतिलेखन जस्ता कार्यकलापहरू नगराइएको भने घटना क्रम मिलाउने लिखित प्रश्नोत्तर जस्ता कार्यकलापहरू कम मात्रामा गराइएको पाइयो ।

ढ) कक्षा १० को सन्दर्भमा कथा विधा शिक्षणको आवश्यकता अनुसार कथा शिक्षणमा प्रयुक्त विधिहरू पर्याप्त नभएको पाइयो ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तह

क) कक्षा १० को कथा शिक्षणका माध्यमिक तहको उद्देश्यमा आधारित हुनुपर्छ ।

ख) कथा शिक्षणका क्रममा प्रस्तावना, कथाकथन, शब्दार्थसम्बन्धी कठिनाइको निवारण, विशिष्ट पङ्क्तिको व्याख्या, बोधप्रश्नोत्तर मूल्याङ्कन जस्ता कुराहरूमा ध्यान दिनुपर्छ ।

ग) शिक्षण सिकाइ प्रभावकारी क्रमबद्ध बनाउन कथा शिक्षणमा पाठयोजना निर्माण अनिवार्य बनाउनुपर्छ ।

घ) विद्यार्थीको लेखाइ सीपको मात्र मूल्याङ्कन गर्ने परीपाटी यथावत रहेको सन्दर्भमा भाषाका चारै सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूख्याङ्कन गर्ने परिपाटिको व्यवस्था हुनुपर्छ ।

**५.२.२ अभ्यासगत तह**

क) कथा शिक्षणका लागि निश्चित विधिमा पूर्ण छ भन्ने हुदैन । कथाको अवस्था हेरी उपयुक्त विधिहरू छनोट गरेर कथा शिक्षणमा अन्य विधिहरू नाटकीकरण, अभिनयात्माक, प्रदर्शन तथा अन्तरक्रियात्मक विधिको पनि प्रयोग गर्नु पर्दछ ।

ख) कथाको अवस्था हेरी उपयुक्त विधिहरू छनोट गरेर कथा शिक्षणमा अन्य विधिहरू प्रदर्शन विधि, अभियनात्मक विधि, नाटकीकरण विधि तथा अन्तरक्रियात्मक विधि पनि प्रयोग गर्न सकिन्छ ।

ग) कथा शिक्षणका विधिहरू तथा शिक्षणको उपयुक्त क्रम शिक्षकहरूलाई प्रशिक्षण दिनु आवश्यक छ ।

घ) कथा शिक्षणका विधिहरूमा अन्य विधिहरू तुलनामा लेख प्रस्तुतीकरण विधि र छलफल तथा प्रश्नोत्तर विधिको बढी प्रयोग गर्नुपर्छ, जसबाट विद्यार्थीहरूले प्रशस्त प्रश्नहरू सोध्ने, लेखबाट अभिव्यक्त गर्ने र आफ्नो विचार धारणा प्रस्तुत गर्न पाऊन् ।

**५.२.३ अनुसन्धानगत तह**

क) कथा शिक्षणका सन्दर्भमा विद्यार्थीको ज्ञान विस्तारका साथै गुण-दोष पत्ता लगाउने क्षमताको विकास लागि तुलना विधि तथा समीक्षा विधि र कुनै पनि कथालाई आफ्नो पक्षबाट प्रस्तुत गर्न लेख प्रस्तुतीकरण विधिको प्रयोग गर्न सकिन्छ ।

ख) कथाको मर्म बोधमा मात्र केन्द्रित भई विद्यार्थीमा शब्द भण्डार क्षमताको विकास, बौद्धिक क्षमताको विकास साथै कथाको तत्वगत, ज्ञान र व्यक्तिमा चारित्रिक परिवर्तन गर्न सक्ने किसिमको हुनुपर्छ ।

ग) कथाका माध्यमबाट भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन पठनबोध, सस्वरूपठन, सारांश भन्न लगाउने, बुदाँटिपोट, शब्दार्थ र लिखित वा मौखिक क्रियाकलापमा जोड दिनु पर्छ ।

घ) दैनिक प्रयोगका सामग्रीहरू बाहेक कक्षा शिक्षणमा वाक्यपत्ती, शब्दपत्ती, चित्र, गोजी तालिका, फलाटिन पारी यान्त्रिक सामग्री (रेडियो, टेप आदि) तथा अन्य आवश्यक सामग्रीहरूको प्रयोगमा बढी जोड दिनुपर्छ।

ङ) लेखाइ सीप बाहेक अन्य सुनाइ, बोलाइ र पढाइ सीपको पनि मूल्याङकन गर्नु पर्दछ।

## सन्दर्भसामग्रीसूची


अँगाई, मीनामाया (२०६०), *कक्षानौमागद्यविधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्ययन,* अप्रकाशित स्नातकोत्रर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय, ललितपुर : साझाप्रकाशन, नेपालीकथाभाग-४ (२०६०),* ललितपु: साझाप्रकाशन ।

न्यौपाने, विनोदकुमार (२०६२), *कक्षा ६माकविता शिक्षण गर्दा प्योग गरिउका शिक्षण विधिहरुको अध्ययन,*अप्रकाशित स्नातकोत्रर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

पराजुली, तीर्थराज र अन्य (२०६६), *शिक्षामामापनतथामूल्याङ्कन,* कीर्तिपुरः सनलाइट पब्लिकेशन

पौडेल, देवीदत्त (२०६०),*कक्षा ८ माकथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्यय,* अप्रकाशितशोधपत्र, कीर्तिपुर ।

बुढाथोकी, गोपाल (२०६२),*कक्षा७माकविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन,* अप्रकाशितशोधपत्र, किर्तीपुर ।

भट्टराई, सरितादेवी (२०६७), *कक्षा ८ माशब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन,*अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६४), *नेपालीगद्य र नाटक,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

राई, सुमिता (२०६९), *कक्षानौ माकक्षा शिक्षण गर्दा प्रयुक्तविधिहरुको अध्ययन,* सुकुनाबहुमुखीक्याम्पस, अप्रकाशितशोधपत्र ।

शर्मा, डा. केदारप्रसाद र पौडेल डा.माधव प्रसाद (२०६८),*नेपालीभाषा र साहित्य शिक्षण,*काठमाडौ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), *नेपालीगद्य र भाषासाहित्य,* काठमाडौं : नवीनप्रकाशन ।

## परिशिष्ट क

कक्षाअवलोकनफाराम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : एकाई :

पाठ :

अध्यापनगर्ने विषय :

| क.स | विषयवस्तु | नतिजा | | | | |
|---|---|---|---|---|---|---|
| | | अत्युत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
| १. | शिक्षकको व्यक्तित्व<br>क आकर्षक शारीरिक व्यक्तित्व,<br>ख आत्मविश्वास<br>ग भाषिक शुद्धता<br>घ स्पष्ट वक्ता | | | | | |
| २. | पाठयोजना निमार्ण | | | | | |
| ३. | पाठको प्रारम्भ<br>क पूर्वपाठको पुनरावलोकन<br>ख विद्यार्थीको सहभागिता<br>ग कक्षाव्यवस्थापन | | | | | |
| ४. | शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| ५. | शिक्षण कियाकलाप<br>शिक्षणको क्रम<br>क प्रस्तावना<br>ख कथाकथन<br>ग कठिन शब्दहरुको निराकरण<br>घ व्याख्यातथाविश्लेषण<br>ङ प्रश्नोत्तर<br>च विशिष्ट पङ्क्तिहरुको व्याख्या | | | | | |
| ६. | पाठको प्रस्तुतीकरण<br>क पाठको कमबद्धता<br>ख विषयवस्तुको ज्ञान | | | | | |

ग उदाहरणमा उपयुक्तता

७. शिक्षण प्रक्तिया
क विद्यार्थी केन्द्रित
ख शिक्षक केन्द्रित

८. कथा शिक्षण विधिहरुको
प्रयोग
क व्याख्यानविधि
ख तुलनाविधि
ग छलफछ तथाप्रश्नोत्तर
विधि
घ पठनवोध विधि
ङ लेख प्रस्तुतीविधि
च प्रतिवेदन प्रस्तुतीविधि
छ समीक्षाविधि

९. विद्यार्थी कियाकलाप
क अनुशासन
ख छलफल तथाप्रश्नोत्तर

१०. मूल्याङ्कन
क प्रश्नोत्तर
ख कक्षाकार्य
ग गृहकार्य

सुपरिवेक्षक

## परिशिष्ट ख

शिक्षकप्रश्नावलीफाराम मिति :

विद्यालयको नाम :

प्रस्तुतप्रश्नावलीकक्षा १० को नेपाली पाठयपुस्तकको कथा शिक्षणसँग सम्वद्ध छन् । उक्तप्रश्नावली शैक्षिकप्रयोजनकालागिभएकोले सकेसम्मयथार्थपरक उत्तर दिएर सहयोग गरिदिनु हुन अनुरोध गर्दै व्यस्त समयप्रतिक्षमाप्रार्थी छु ।

अ. शिक्षकलाई सोधिने वस्तुगत प्रश्नावली सर्वोपयुक्तउत्तरमारेजा(√ ) लगाउनुहोस् ।

१. कथा शिक्षण गर्दा पाठयोजनाको निमार्ण गर्नु हुन्छ ?

क प्राय : गरिन्छ
ख सधै : गरिन्छ
ग कहिल्यै गरिँदैन
कहिलेकाहीँगरिन्छ

२. कथा शिक्षण कुन उद्धेश्यकालागिआवश्यक ठान्नुहुनछ ?
क भाषिक सीपविकास
ख साहित्यिक रसास्वादन
ग व्याकरण सिकाइ
घ साहित्यक सचना

३. कथा शिक्षणमा कुनविधिको बढी प्रयोग गर्नुहुन्छ ?
क व्याख्यान र पठनबोध
ख छलफल तथाप्रश्नोत्तर
ग पठनबोध र लेख प्रस्तुतीकरण
घ तुलना र समीक्षा

४. उक्त शिक्षण विधिहरु नै विनप्रयोग गर्नु हुन्छ ?
क विद्यार्थीको कथनात्मकविकास गर्न
ख सहज रुपले कथा शिक्षण गर्न
ग शिक्षणलाई प्रभावकारी बनाउन
घ कथा शिक्षणलाई कक्षाको स्तर अनुरुपबनाउन

५. कथा शिक्षण गर्दा कस्ता-कस्ता सामग्रीको प्रयोग गर्नु हुन्छ ?
क पाठ्यपुस्तक र सन्दर्भ सामग्री
ख पाठ्यपुस्तक र कालोपाटी अथवा श्यामपाटी
ग पाठ्यपुस्तक र शिक्षकनिर्देशिका
घ पाठ्यपुस्तकअन्य सामग्री

६. कथा शिक्षण गर्दा कक्षामा छलफल तथाप्रश्नोत्तर कतिको गराउनु हुन्छ ?
क सधैँ : गराइन्छ
ख कहिलेकाहीँ गराइन्छ
ग प्राय : गरान्छ
घ कहिल्यै गराइदैन

७. कथा शिक्षण गर्दा समीक्षाविधिको प्रयोग कतिको गर्नु हुन्छ ?
क सधैँ : गरिन्छ
ख प्राय : गरिन्छ
ग कहिलेकाहीँगरिन्छ
घ कहिल्यै गरिदैन

८. विद्यार्थीहरुलाई कथाको सारांशभन्नलगाउनु हुन्छ ?
क प्राय : लगाइन्छ
ख सधैँ : लगाइन्छ
ग कहिलेकाहीँ लगाइन्छ
घ कहिल्यै लगाइदैन

९. कथा शिक्षणक्रममा लेख प्रस्तुतीकरण विधिको प्रयोग कतिको गर्नु हुन्छ :?
क सधैँ : गरिन्छ
ख प्राय : गरिन्छ
ग कहिलेकाहीँगरिन्छ
घ कहिल्यै गरिदैन

१०. कक्षा १० माकथा शिक्षणको क्रममा समीक्षाविधिको प्रयोग गर्नु कतिको उपयुक्त हुन्छ ?
क अतिउपयुक्त हुन्छ
ख उपयुक्त हुन्छ
ग कमउपयुक्त हुन्छ
घ उपयुक्तहुँदैन

आ. शिक्षकलाई साधिने विषयगतप्रश्नावली-

१. कथाविधाको शिक्षण गर्दा पाठयोजनानिर्माण गर्नु हुन्छ किहुदैन ?किन?

२. कथा शिक्षण गर्दा कुन-कुन शिक्षण विधिहरुको प्रयोग गर्नु हुन्छ ?

३. कथा शिक्षण गर्दा कस्ता शैक्षिक सामग्रीहरुको प्रयोग गर्नु हुन्छ ?

४. कथा शिक्षण गर्दा विद्यार्थी छलफल कतिको आवश्यक ठान्नु हुन्छ ?किन?

५. विद्यार्थी केन्द्रित शिक्षण प्रणाली र शिक्षक केन्द्रित शिक्षण प्रणालीध्ये कुनबढि प्रथामिकतादिनु हुन्छ ?

६. कस्ता क्रियाकलापहरुको प्रयोग गरी शिक्षण गर्दा कथाविधा शिक्षण स्तरअनुकूलउपयुक्त हुन्छ ?

७. र्वतमानमूल्याङ्कन प्रणालीसँग तपाई सन्तुष्ट हुनुहुन्छ ? यस विषयमातपाईको राय के छ ?

## परिशिष्ट ग

कक्षाअवलोकनमाप्रतिनिधिनमुनाका रुपमालिइएकाविद्यालयतथाशिक्षकहरुको नामावली

१. सरकारी विद्यालयहरु तथाशिक्षकहरुको नामावली :

| क.स | विद्यालयहरु | शिक्षकहरु |
|---|---|---|
| १. | श्री कविर मा.वि. बेलबारी, मोरङ | श्री उर्मिला राई |
| २. | श्री भगवतीउच्चमा.वि. बेलबारी, मोरङ | श्री कुशव भट्टराई |
| ३. | श्री धम्पालमा.वि. बेलबारी, मोरङ | श्री तुलारामचौधरी |
| ४. | श्री कसेनीउच्चमा.वि. बेलबारी, मोरङ | श्री सरस्वती रेग्मी |

२. निजीविद्यालयहरु तथाशिक्षकहरुको नामावली :

| क.स | विद्यालयहरु | शिक्षकहरु |
|---|---|---|
| १. | श्री गोदावारी विद्यामन्दिर आवसीय माध्यमिकविद्यालयबेलबारी ३, मोरङ | श्री उमानाथ भट्टराई |
| २. | श्री शिक्षा सन्देश सेकेन्डरी इङ्लिस स्कुल बेलबारी ४, मोरङ | श्री ऋषिरामधिताल |
| ३. | श्री भानु मेमोरीयल सेकेन्डरी इङ्लिस स्कुल बेलबारी ३, मोरङ् | श्री जगतप्रसाद बस्तोला |
| ४. | श्री सगरमाथा सेकेन्डरी इङ्लिस स्कुल बेलबारी ३, मोरङ | श्री रेखा सुवेदी |

# परिशिष्ट घ

प्रश्नावलीमा संलग्नशिक्षककोनामावली :

| क.स | शिक्षकहरु | विद्यालयहरु |
|---|---|---|
| १. | श्री उर्मिला राई | श्री कविर मा.वि. बेलबारी, मोरङ |
| २. | श्री उमानाथ भट्टराई | श्री गोदावरी विद्यामन्दिर आवसीयमा.वि. बेलबारी, मोरङ |
| ३. | श्री रेखा सुवेदी | श्री सगरमाथा सेकेन्डरी इङ्लिस स्कुलबेलबारी, मोरङ |
| ४. | श्री जगतप्रसाद बस्तोला | श्री भानु मेमोरियल सेकेन्डरी इङ्लिस स्कुलबेलबारी, मोरङ |
| ५. | श्री ऋषिरामधिताल | श्री शिक्षा सन्देश सेकेन्डरी इङ्लिस स्कुलबेलबारी, मोरङ |
| ६. | श्री तुलरामचौधरी | श्री धम्पालमा.वि. बेलबारी, मोरङ |